CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत-संस्कृति-सामान्यज्ञान-प्रश्नोत्तरसङ्ग्रह

(त्वरितोत्तरप्रतिस्पर्धाका लागि पनि उपयोगि)

स्वाद्ध्यायशाला

२०३६

पथिकृत्

शिवराज आचार्य कौण्डिन्न्यायन, आचार्य, एम्.ए., विद्यावारिधि, वाचस्पति (डि.लिट्.)

कार्यकर्ताहरु

देवी आचार्यानी घृतकौशिकी

आमोदवर्धन कौण्डिन्न्यायन, वेदाचार्य

वेदवती काश्यपी

प्रमोदवर्धन कौण्डिन्न्यायन, धर्ममीमांसाचार्य

सुमोदवर्धन कौण्डिन्न्यायन, ब्रह्ममीमांसाचार्य

सम्मोदवर्धन कौण्डिन्न्यायन

वशवँवदाम्वा कौण्डिन्न्यायनी

अतिसम्मोदवर्धन कौण्डिन्न्यायन

सहयोगिहरु

वासुदेव शाण्डिल्ल्यायन, वेदशास्त्री, एम्.ए.

प्रियवँवदाम्वा कौण्डिन्न्यायनी, इतिहासपुराणाचार्या, एम्.ए.

प्रणव शाण्डिल्ल्यायन

स्वाद्ध्यायशाला

कृष्णयुगाब्द ५०६३, वैदिक इदावत्सर दक्षिणायन शरदृतु ऊर्जशुक्लपौर्णमासी

२०५५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत-संस्कृति-सामान्यज्ञान-प्रश्नोत्तरसङ्ग्रह

(त्वरितोत्तर-प्रतिस्पर्धाका लागि पनि उपयोगि)

१. वेद भनेको के हो ? *अनादि गुरुशिष्यपरम्पराले आएको अपौरुषेय ग्रन्थविशेष हो।*

२ वेद कति छन् ? *चार।*

३. चार वेदका नाम के हुन् ? *ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद।*

४. ऋग्वेदसंहितामा कति मण्डल(खण्ड) छन् ? *दस।*

५. अनुवाक भनेको के हो ?

वेदको मण्डल अध्याय इत्यादि प्रमुख खण्डभित्रको एक प्रकारको उपखण्ड हो।

६. सूक्त भनेको के हो ? *कुनै विषयको प्रतिपादन गर्ने ऋचाहरुको समुदाय हो।*

७. ऋग्वेदका प्रचलित मुद्रित ग्रन्थमा कति सूक्त छन् ?

वालखिल्यसूक्तहरु गन्दा १०२८ र नगन्दा १०१७ सूक्त छन्।

८. वालखिल्यसूक्तहरु कुन् हुन् ? *अष्टम मण्डलका ४९-५९ सूक्त हुन।*

९. ऋग्वेदका सारै प्रसिद्ध सूक्त कुनकुन हुन् ? *पुरुषसूक्त र नासदीयसूक्त।*

१०. पुरुषसूक्त र नासदीयसूक्त कुन मण्डलमा कतिऔं सूक्तमा आउँछन् ?

पुरुषसूक्त दशम मण्डलको ९०औं सूक्तमा र नासदीयसूक्त १२९सौं सूक्तमा।

११. ऋग्वेदका वालखिल्यसूक्तसहित प्रचलित ग्रन्थमा कति ऋचा छन् ?

एक प्रकारले गन्दा १०,५५२ र अर्को प्रकारले गन्दा १०,४७२।

१२. ऋग्वेदका शाकल्यकृत पदपाठमा कति पद छन् ? *१,५३,८२६।*

१३ शतपथब्राह्मणअनुसार ऋग्वेदका सम्पूर्ण अक्षर कति छन् ? *४,३२,०००।*

१४. ऋग्वेदका सूक्तहरुमा केके विषयको प्रतिपादन छ ?

धार्मिक आध्यात्मिक विषयका अतिरिक्त भौतिक वैज्ञानिक आर्थिक सामाजिक राजनीतिक विषयहरुको पनि प्रतिपादन छ।

१५. प्रचलित मुद्रित ऋग्वेद कुन शाखाको हो ? *शैशिरीयशाकलशाखाको।*

१६. ऋग्वेद यज्ञका मुख्य चार ऋत्विक्मध्ये कुन ऋत्विक्सित सम्बद्ध छ ?

होतासित।

१७. प्रचलित ऋग्वेदसंहिताका व्याख्यामा कसकसका व्याख्या प्रमुख छन ?

आंशिक रुपमा पाइने स्कन्दस्वामिको व्याख्या, पूर्ण रुपमा पाइने वेङ्कटमाधवको व्याख्या र सायणको व्याख्या।

१८. यजुर्वेद कतिथरि छन् र ति केके हुन् ?

दुइथरि छन् र ति शुक्लयजुर्वेद र कृष्णयजुर्वेद हुन।

Jayatu Sanskritam, Kathmandu, Nepal

२ CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९. अधिकांश नेपालि ब्राह्मणहरु कुन वेदका अध्येता छन् ? *शुक्लयजुर्वेदका ।*

२०. अधिकांश नेपालि ब्राह्मणहरुको वेदशाखा कुन् हो ?
माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखा ।

२१. शुक्लयजुर्वेदका मुख्य दुइ शाखा कुन् हुन् ?
माध्यन्दिनीयवाजसनेयिशाखा र काण्ववाजसनेयिशाखा ।

२२. माध्यन्दिनीयवाजसनेयिशुक्लयजुर्वेदसंहितामा कति अध्याय छन्? *चालिस ।*

२३. शुक्लयजुर्वेदका प्रमुख व्याख्याकार कोको हुन्? *उव्वट, सायणमाधव र महीधर।*

२४. कृष्णयजुर्वेदका मुख्य तिन शाखा कुनकुन हुन् ?
कठशाखा, मैत्रायणीयशाखा र तैतिरीयशाखा ।

२५. यजुर्वेद यज्ञका प्रमुख चार ऋत्विक्मध्ये कुन ऋत्विक्सँग सम्वद्ध छ ?
अध्वर्युसित ।

२६. शुक्लयजुर्वेदका र कृष्णयजुर्वेदका आफ्नाआफ्ना मुख्य विशेषता के हुन् ?
मन्त्रभाग र ब्राह्मणभाग प्राय: छुट्टाछुट्टै हुनु शुक्लयजुर्वेदको प्रमुख विशेषता हो र मन्त्रभाग र ब्राह्मणभाग छ्यासमिस हुनु कृष्णयजुर्वेदको विशेषता हो ।

२७. वेदको मन्त्रभाग भनेको के हो ?
यज्ञमा प्रयुक्त हुने ऋचा वा वाक्य भएको वेदको भाग मन्त्रभाग हो ।

२८. वेदको ब्राह्मणभाग भनेको के हो ?
मुख्य रूपमा श्रौतयज्ञको विधान, स्वरूप, फल, सामग्री, देवता, प्रयोगपद्धति इत्यादि देखाउने वेदभाग ब्राह्मणभाग हो ।

२९. पांच प्रमुख ब्राह्मणग्रन्थ कुन हुन् ?
१. ऐतरेयिब्राह्मण, २. तैत्तिरीयब्राह्मण, ३. माध्यन्दिनीयवाजसनेयिशतपथब्राह्मण, ४. ताण्डिब्राह्मण, ५. गोपथब्राह्मण ।

३०. सामवेदमा के छ ? *यज्ञमा स्तुतिगरिने देवताहरुको स्तुतिगर्दा साममा (=गीतिमा) ढालेर गाइने ऋचाहरुको सङ्ग्रह छ ।*

३१. सामवेद यज्ञका प्रमुख चार ऋत्विक्मध्ये कुन ऋत्विक्सँग सम्वद्ध छ?
उद्गातासित ।

३२. अथर्ववेदमा के छ ?
अथर्ववेदमा पनि प्राय: ऋग्वेदमा जस्तै धार्मिक आध्यात्मिक भौतिक वैज्ञानिक आर्थिक सामाजिक राजनीतिक इत्यादि विषय छन्, अथर्ववेदमा ओखतिमुलोका र झारफुकका कुराहरु पनि धेरै छन् ।

३३. अथर्ववेदको यज्ञका प्रमुख चार ऋत्विक्मध्ये कुनै ऋत्विक्सित विशेष सम्वन्ध छ ? *छैन ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३४. श्रौत सोमयागका प्रमुख चार ऋत्विक् कुनकुन हुन् ?
ब्रह्मा, उद्‌गाता, होता र अध्वर्यु ।

३५. तान्त्रिक-पौराणिक यागका चार ऋत्विक् कुनकुन हुन् ?
गणपति, ब्रह्मा, होता र आचार्य ।

३६. आरण्यक भनेको के हो ? *अरण्यमा अर्थात् वनमा प्रवचन गरिने वेदभाग हो ।*

३७. आरण्यकमा मुख्य रूपमा के विषय हुन्छ ? *आरण्यकमा मुख्य रूपमा विविध प्रकारका उपासनाहरुको र आत्मज्ञानको विषय हुन्छ ।*

३८. उपनिषद् भनेको के हो ? *उपनिषद् भनेको मुख्य रूपमा ब्रह्मविद्या हो. ब्रह्मविद्याको प्रतिपादक ग्रन्थलाइ पनि उपनिषद् भन्छन् ।*

३९. उपनिषद्को आर्को प्रसिद्ध नाम के हो ? *वेदान्त ।*

४०. उपनिषद्लाइ वेदान्त किन भनिएको हो ?
वेदको अन्तिम भाग वा सारांश हुनाले उपनिषद्लाइ वेदान्त भनिएको हो ।

४१. प्रमुख उपनिषद् कति छन् ? *दस ।*

४२. उपनिषद् कति प्रकारका छन् र ति केके हुन् ?
उपनिषद् दुइ प्रकारका छन्. ति मन्त्रोपनिषद् र ब्राह्मणोपनिषद् हुन् ।

४३. प्रमुख दस उपनिषद् कुन हुन् ? *१. ऐतरेय्युपनिषद्, २. तैत्तिरीयोपनिषद्, ३. कठोपनिषद्, ४. ईशावास्योपनिषद्, ५. वृहदारण्यकोपनिषद्, ६. केनोपनिषद्, ७. छान्दोग्योपनिषद्, ८. मुण्डकोपनिषद्, ९. प्रश्नोपनिषद्, १० माण्डूक्योपनिषद् ।*

४४. शङ्करले व्याख्या गरेको ईशावास्योपनिषद् कुन वेदको कुन शाखाको हो ?
शुक्लयजुर्वेदको काण्ववाजसनेयिशाखाको हो ।

४५. ईशावास्योपनिषद् कस्तो प्रकारको उपनिषद् हो ? *मन्त्रोपनिषद् हो ।*

४६. ईशावास्योपनिषद् मन्त्रसंहिताको कतिऔं अध्यायमा छ ? *४०औं अध्यायमा छ ।*

४७. शङ्करले व्याख्या गरेको वृहदारण्यकोपनिषद् कुन वेदको कुन शाखाको हो ? *शुक्लयजुर्वेदको काण्ववाजसनेयिशाखाको हो ।*

४८. वृहदारण्यकोपनिषद् कस्तो प्रकारको उपनिषद् हो ? *ब्राह्मणोपनिषद् हो ।*

४९. वृहदारण्यकोपनिषद् कुन ब्राह्मणभित्र आउँछ ? *शतपथब्राह्मणभित्र ।*

५०. माध्यन्दिनीयवाजसनेयिशाखाको ईशावास्योपनिषद्मा कसको व्याख्या छ ?
उव्वटको र महीधरको ।

५१. माध्यन्दिनीय-वाजसनेयिशाखाको वृहदारण्यकोपनिषद्मा कसको व्याख्या छ ? *वासुदेवभगवान्को र द्विवेदगङ्गको ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५२. पाणिनीयव्याकरणभाष्यकार पतञ्जलिमुनिले चारै वेदका सम्पूर्ण शाखाहरुको सङ्ख्या कति भनेका छन् ? *११३१ ।*

५३. पाणिनीयव्याकरणभाष्यकार पतञ्जलिमुनिले ऋग्वेदका कति शाखा भनेका छन् ? *२१ ।*

५४. पाणिनीयव्याकरणभाष्यकार पतञ्जलिमुनिले यजुर्वेदका कति शाखा भनेका छन् ? *१०१ ।*

५५. पाणिनीयव्याकरणभाष्यकार पतञ्जलिमुनिले सामवेदका कति शाखा भनेका छन् ? *१०००।*

५६. पाणिनीयव्याकरणभाष्यकार पतञ्जलिमुनिले अथर्ववेदका कति शाखा भनेका छन् ? *९ ।*

५७. वेदका अङ्ग कति छन् ? *६ ।*

५८. वेदका छ अङ्ग कुन हुन् ? *शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्दश्शास्त्र र ज्योतिष ।*

५९. शिक्षा भन्ने वेदाङ्गका मुख्य छ विषय केके हुन् ?
अकारादि वर्ण, उदात्तादि स्वर, ह्रस्वादि मात्रा, स्थान-करण-प्रयत्नरूप बल, उच्चारणगुणरूप साम र सन्तान अर्थात् सन्धि इ छ विषय हुन् ।

६०. शिक्षावेदाङ्गका प्रमुख दुइ वर्ग केके हुन् ? *प्रातिशाख्य र शिक्षा ।*

६१. प्रातिशाख्यमध्ये ऐले पाइने प्रमुख प्रातिशाख्य कुनकुन हुन् ?
ऋग्वेदप्रातिशाख्य, शुक्लयजुर्वेदप्रातिशाख्य, तैत्तिरीयप्रातिशाख्य, ऋक्तन्त्र र शौनकीयचतुरध्यायिका वा अथर्ववेदप्रातिशाख्य ।

६२. शिक्षावर्गका ग्रन्थमा प्रमुखग्रन्थ कुन हुन् ?
शैशिरीयशिक्षा, शौनकशिक्षा, याज्ञवल्क्यशिक्षा, व्यासशिक्षा, नारदीयशिक्षा, माण्डूकीयशिक्षा, आपिशलीयशिक्षा, पाणिनीयशिक्षा र कौण्डिन्न्यायनशिक्षा ।

६३. पाणिनीयशिक्षामा संस्कृतभाषामा कति वर्ण मानिएका छन् ? *६३ वा ६४।*

६४. वेदाङ्गमा कल्प भनेको के हो ? *यज्ञको पद्धतिको कल्पना वा समायोजन गर्ने शास्त्र हो।*

६५. कल्पशास्त्रमा केकस्ता ग्रन्थहरु गनिञ्छन् ?
कल्पशास्त्रमा मुख्य रूपमा श्रौतसूत्रहरु र गृह्यसूत्रहरु गनिञ्छन् ।

६६ श्रौतसूत्र भनेको के हो ? *वेदका ब्राह्मणग्रन्थहरुमा स्पष्ट र विस्तृत रूपमा नताइएका यज्ञहरुको प्रयोगमार्ग देखाउने मूलग्रन्थहरु श्रौतसूत्र भनिञ्छन् ।*

६७. ऐले पाइने प्रमुख श्रौतसूत्र कुनकुन हुन् ?
शाङ्खायनश्रौतसूत्र, आश्वलायनश्रौतसूत्र, कात्यायनश्रौतसूत्र, बौधायनश्रौतसूत्र, आपस्तम्बश्रौतसूत्र, लाटयायनश्रौतसूत्र, द्राह्यायणश्रौतसूत्र र वैतानश्रौतसूत्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६८. गृह्यसूत्र भनेको के हो ? *स्नान-सन्ध्योपासन-सायम्प्रातर्होम-पञ्चमहायज्ञादि नित्यकर्मको, गर्भाधानादिसंस्कारहरुको र श्राद्धादिकर्मको प्रतिपादन गर्ने मूल सूत्रग्रन्थहरु गृह्यसूत्र भनिन्छन् ।*

६९. ऐले पाइने मुख्य गृह्यसूत्र कुनकुन हुन् ? *शाङ्खायनगृह्यसूत्र, आश्वलायन-गृह्यसूत्र, पारस्करगृह्यसूत्र, बौधायनगृह्यसूत्र, आपस्तम्बगृह्यसूत्र, काठक-गृह्यसूत्र, गोभिलगृह्यसूत्र, खादिरगृह्यसूत्र र कौशिकगृह्यसूत्र ।*

७०. माध्यन्दिनीयवाजसनेयिशुक्लयजुर्वेदशाखाध्यायिहरुको श्रौतसूत्र कुन हो ?
कात्यायनश्रौतसूत्र ।

७१. माध्यन्दिनीयवाजसनेयिशुक्लयजुर्वेदशाखाध्यायिहरुको गृह्यसूत्र कुन हो ?
पारस्करगृह्यसूत्र ।

७२. वैदिककर्मकाण्ड मुख्य रूपमा केका आधारमा चल्छ ?
आफ्ना शाखाका कल्पसूत्रका आधारमा ।

७३. व्याकरण भनेको के हो ?
कुनै भाषाका वाक्यमा पदको र पदमा प्रकृति-प्रत्ययको विभाग गरेर वाक्य-वाक्यार्थको र पदपदार्थको अन्वाख्यान (=वर्णन) गर्ने शास्त्र व्याकरण हो ।

७४. संस्कृतका सारै प्रसिद्ध व्याकरणकार को हुन् ?
शाकटायन, आपिशलि, काशकृत्स्न, पाणिनि ।

७५. पाणिनीय व्याकरणका मूल ग्रन्थको नाम के हो ? *अष्टाध्यायी ।*

७६. अष्टाध्यायीमा कति अध्याय र कति पाउ छन् ? *८ अध्याय र ३२ पाउ छन् ।*

७७. अष्टाध्यायीका सम्पूर्ण सूत्रहरुको संख्या कति छ ? *३,९७८ ।*

७८. पाणिनीयव्याकरणवार्त्तिकका रचयिता को हुन् ? *कात्यायन मुनि ।*

७९. पाणिनीयव्याकरणभाष्यका रचयिता को हुन् ? *पतञ्जलि मुनि ।*

८०. पाणिनीयव्याकरणलाइ त्रिमुनि व्याकरण किन भनिएको हो ?
पाणिनि, कात्यायन, पतञ्जलि इ तिन मुनिका सूत्र, वार्तिक, भाष्य इ तिनै ग्रन्थ मिलेर मात्र पाणिनीय व्याकरण पूर्ण भएको मानिने हुंदा एस व्याकरणलाइ त्रिमुनि व्याकरण भनिएको हो ।

८१. पाणिनीयव्याकरणका सबै सूत्रको ऐले पाइने प्राचीनतम र सारै महत्त्वपूर्ण व्याख्या कुन हो ? *काशिका वृत्ति ।*

८२. संस्कृतभाषामा ऐले पाइने प्रमुख व्याकरण कुन हुन् ?
पाणिनीयव्याकरण, कातन्त्रव्याकरण, चान्द्रव्याकरण, जैनेन्द्रव्याकरण, सरस्वती-कण्ठाभरणव्याकरण, सिद्धहैमशब्दानुशासन, सारस्वतव्याकरण इत्यादि ।

८३. ऐले कुन संस्कृतव्याकरण वेदाङ्गव्याकरण मानिन्छ ? *पाणिनीयव्याकरण ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८४. वेदाङ्गमा निरुक्त भनेको के हो ?
निघण्टुमा सङ्गृहीत, व्याकरणले व्याख्या गर्न नसक्ने खालका वैदिक पदहरुको र वैदिकदेवतावाचक पदहरुको विश्लेषण गरेर अर्थ खुलाउने शास्त्र हो ।

८५. वेदाङ्गनिरुक्तको आर्को नाम के हो ? *देवविद्या ।*

८६. निघण्टु भनेको के हो ?
वेदका दुरूहार्थक पदहरुको र देवतावाचक पदहरुको वर्गीकृत सङ्ग्रह हो ।

८७. भूमण्डलको जेठो शव्दकोष कुन हो ? *यास्कले व्याख्या गरेको निघण्टु हो ।*

८८. यास्कव्याख्यात निघण्टुका रचयिता को हुन् ? *कश्यप प्रजापति ।*

८९. यास्कव्याख्यात निघण्टुमा कति अध्याय छन् ? *५ ।*

९०. प्रमुख वेदाङ्ग-निरुक्तकार कोको हुन् ?
आग्रायण, औदुम्बरायण, औपमन्यव, कौत्स, गार्ग्य, गालव, मौद्गल्य, यास्क, वार्ष्यायणि, शाकटायन र शाकपूणि हुन् ।

९१. उपलभ्यमान वेदाङ्गनिरुक्त ग्रन्थका रचयिता को हुन् ? *यास्क मुनि ।*

९२. उपलभ्यमान वेदाङ्गनिरुक्त ग्रन्थमा कति अध्याय छन् ?
मूल १२अध्याय र परिशिष्ट २ अध्याय गरी १४अध्याय छन् ।

९३. छन्दश्शास्त्र भनेको के हो ?
वेदमा र लोकमा पाइने छन्दहरुको प्रतिपादन गर्ने शास्त्र हो ।

९४. छन्द भनेको के हो ?
गलाको स्वरको अक्षर-मात्राहरुद्वारा निश्चित गरिने परिमाणविशेष हो ।

९५. प्रमुख छन्द केके हुन् ?
गायत्री, उष्णिक्, अनुष्टुप्, बृहती, पङ्क्ति, त्रिष्टुप्, जगती ।

९६. छन्दश्शास्त्रका प्रमुख आचार्य को हुन् ? *पिङ्गल ।*

९७. छन्दश्शास्त्रका उपलभ्यमान प्रमुख ग्रन्थ कुनकुन हुन् ?
पिङ्गलच्छन्दस्सूत्र, वृत्तरत्नाकर, छन्दोमञ्जरी, श्रुतबोध इत्यादि ।

९८. वेदाङ्गमा ज्योतिष भनेको के हो ? *सूर्यचन्द्रादि ज्योतिहरुको गतिको निरूपण गर्ने र कालानुसारि यज्ञविधानको अनुगमन गर्न सहायता गर्ने शास्त्र हो ।*

९९. मूल वेदाङ्गज्योतिषग्रन्थ कुन हो ? *'पञ्चसंवत्सरमयम्' इत्यादि ग्रन्थ हो ।*

१००. मूल वेदाङ्गज्योतिषका प्रवक्ता को हुन् ? *लगध मुनि ।*

१०१. लगधप्रोक्त वेदाङ्गज्योतिष-कति पुरानो मानिन्छ? *३,४०० वर्ष पुरानो ।*

१०२. मूल वेदाङ्गज्योतिषका ऐले कति प्रकारका पाठ पाइन्छन् र ति कुन हुन् ?
दुइ प्रकारका पाठ पाइन्छन् र ति आर्चपाठ र याजुषपाठ हुन् ।

१०३. वेदाङ्गज्योतिषका प्राचीन व्याख्याकारको नाम के हो ? *सोमाकर ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०४. लौकिक ज्योतिषका प्रमुख प्रवक्ता कोको हुन् ?
आर्यभट, वराहमिहिर, ब्रह्मगुप्त र महान् असुर मय ।

१०५. वेदाङ्गज्योतिषअनुसार कुन मैनावाट नववर्षारम्भ हुन्छ ? *माघवाट ।*

१०६. मुख्य वैदिक परम्परामा मास वा मैना भनेको के हो ? *चन्द्रमाका कला नदेखिने दिनका भोलिपल्टदेखि आर्को तेस्तो दिनसम्मका दिनहरुको समुदाय हो ।*

१०७. वैदिक परम्परामा साधारणतया एक दिन भनेको के हो ?
एक सूर्योदयदेखि आर्को सूर्योदयसम्मको काल हो ।

१०८. एक मैनामा कति पक्ष हुन्छन् ? *दुइ ।*

१०९. मैनाका पक्ष भनेका के हुन् ? *चन्द्रमाका कला वढ्दै जाने र पूर्ण हुने वा घट्तै जाने र समाप्त हुने दिनका समुदाय हुन् ।*

११०. चन्द्रमाका कला वड्दै जाने दिनका समुदायलाइ के भन्छन् ?
शुक्लपक्ष वा आपूर्यमाणपक्ष ।

१११. चन्द्रमाका कला घट्तै जाने दिनका समुदायलाइ के भन्छन् ?
कृष्णपक्ष वा अपरपक्ष ।

११२. ऋतु भनेको के हो ? *जाडो गर्मि वर्षा इत्यादि विशेष लक्षण हुने कालविशेष हो ।*

११३. वेदमा प्रमुख रूपमा एक वर्षमा कति ऋतु मानिएका छन् ? *६ ।*

११४. छ ऋतुका नाम केके हुन् ? *शिशिर, वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त ।*

११५. एक ऋतुमा साधारणतया कति मैना हुन्छन् ? *दुइ ।*

११६. वैदिककर्मकाण्डमा ऋतुहरु सौर लिइन्छन् कि चान्द्र ? *चान्द्र ।*

११७. वेदमा एक वर्ष भन्नाले साधारणतया के वुझिन्छ ?
दुइ अयनको, छ ऋतुको र बार चान्द्रमासको समुदाय ।

११८. वेदाङ्गज्योतिषअनुसार कति वर्षको एक युग हुन्छ ? *पाँच वर्षको ।*

११९. वैदिक पञ्चवर्षात्मक युगका वर्षहरुका नाम के हुन् ?
सवँवत्सर, परिवत्सर, इदावत्सर, इद्वत्सर र वत्सर ।

१२०. वेदाङ्गज्योतिषानुसार कुन मैनामा अधिकमास पर्छ ? *आषाढमा र पौषमा।*

१२१. वर्षभित्रको अयन भनेको के हो ?
सूर्यको बाटो उत्तरतिर वा दक्षिणातिर सर्दै गएको अनुभव हुने कालविशेष हो ।

१२२. सूर्यको बाटो उत्तरतिर सर्दै गएको अनुभव हुने अयन कुन हो ? *उत्तरायण।*

१२३. सूर्यको बाटो दक्षिणतिर सर्दै गएको अनुभव हुने अयन कुन हो ? *दक्षिणायन।*

१२४. उत्तरायणमा कुनकुन ऋतु हुन्छन् ? *शिशिर, वसन्त, ग्रीष्म ।*

१२५. दक्षिणायनमा कुनकुन ऋतु हुन्छन् ? *वर्षा, शरद, हेमन्त ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२६. वेदका उपाङ्ग कति छन् ? *छ ।*
१२७. वेदका छ उपाङ्ग केके हुन् ?
प्रतिपद, अनुपद, छन्दोभाषा, धर्मशास्त्र, मीमांसान्याय र तर्क ।
१२८. धर्मशास्त्र भन्नाले मुख्य रूपमा के बुझिन्छन् ?
धर्मसूत्रहरु र स्मृतिहरु वुझिन्छन् ।
१२९. धर्मसूत्र भनेका के हुन् ?
वेदमा स्पष्ट र प्रकरणवद्ध रूपमा विहित नभएका किन्तु छिटफुट रूपमा उक्त, सूचित र आकाङ्क्षित भएका तथा शिष्टपरम्परावाट आचरित हुँदै आएका आचारहरुको प्रतिपादन गर्ने मूल ग्रन्थहरु धर्मसूत्र भनिन्छन् ।
१३०. ऐले पाइने प्रमुख धर्मसूत्रहरु कुन हुन् ?
वसिष्ठधर्मसूत्र, बौधायनधर्मसूत्र, आपस्तम्बधर्मसूत्र, विष्णुधर्मसूत्र, वैखानसधर्मसूत्र, गौतमधर्मसूत्र, काश्यपधर्मसूत्र र सुमन्तुधर्मसूत्र ।
१३१. मुख्य स्मृतिहरु कति छन् ? *अट्ठार ।*
१३२. प्रसिद्ध प्रमुख तिन स्मृतिहरु कुन हुन् ? *मनुस्मृति, याज्ञवल्क्यस्मृति, पराशरस्मृति ।*
१३३. मीमांसान्यायका प्रमुख ग्रन्थ कुन हुन् ?
जैमिनिको धर्ममीमांसासूत्र र वादरायणको व्रह्ममीमांसासूत्र ।
१३४. जैमिनिका धर्ममीमांसासूत्रका भाष्यकारको नाम के हो ? *शवरस्वामि ।*
१३५. शवरस्वामिकृत मीमांसाभाष्यका मुख्य व्याख्याता को हुन् ?
कुमारिल भट्ट ।
१३६. कुमारिल भट्टका प्रमुख ग्रन्थ केके हुन् ?
श्लोकवार्तिक, तन्त्रवार्तिक र टुप्टीका ।
१३७. व्रह्ममीमांसासूत्रका प्रमुख भाष्यकार को हुन् ?
शङ्करभगवत्पाद (शङ्कराचार्य) ।
१३८. व्रह्ममीमांसासूत्रको शङ्करकृत भाष्यको मुख्य नाम के हो ?
शारीरकमीमांसाभाष्य ।
१३९. व्रह्ममीमांसासूत्रका शङ्करकृत भाष्यका प्रमुख व्याख्या कुनकुन हुन् ?
पञ्चपादिका र भामती ।
१४०. पुराण वेदका उपाङ्गमा आउँछन् कि आउँदैनन् ? *आउँछन् ।*
१४१. पुराण वेदका कुन उपाङ्गभित्र पर्छन् ? *धर्मशास्त्र-उपाङ्गभित्र ।*
१४२. पुराण मुख्य रूपमा कति प्रकारका छन् ? *दुइ प्रकारका ।*
१४३. पुराणका मुख्य दुइ प्रकार के हुन् ? *महापुराण र उपपुराण ।*
१४४. महापुराण कति छन् ? *अट्ठार ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४५. महापुराण मानिएका अट्ठार पुराण कुनकुन हुन् ? *अग्निपुराण, कूर्मपुराण, गरुडपुराण, नारदीयपुराण, पद्मपुराण, ब्रह्मपुराण, ब्रह्मवैवर्तपुराण, ब्रह्माण्डपुराण, भविष्यपुराण, भागवतपुराण, मत्स्यपुराण, मार्कण्डेयपुराण, लिङ्गपुराण, वराहपुराण, वामनपुराण, वायुपुराण, विष्णुपुराण, स्कन्दपुराण ।*

१४६. उपपुराण कति छन् ? *अट्ठार ।*

१४७. पुराणमा प्रतिपादनीय मुख्य पाँच विषय के हुन् ? *सृष्टि, प्रलय, मन्वन्तर, वंश, वंश्यानुचरित ।*

१४८. तन्त्र भनेको के हो ? *सिद्धान्तविशेष हो ।*

१४९. मुख्य रूपमा तन्त्र कति प्रकारका छन् ? *दुइ प्रकारका ।*

१५०. दुइ प्रकारका तन्त्र भनेका केकस्ता तन्त्र हुन् ? *वेदानुकूल तन्त्र र वेदविरोधि तन्त्र ।*

१५१. वेदानुकूल प्रमुख तन्त्र कुनकुन हुन् ? *कतिपय वैष्णवतन्त्र, शैवतन्त्र, शाक्ततन्त्र, गाणपत्यतन्त्र, कौमारतन्त्र र सौरतन्त्र ।*

१५२. मुख्य रूपमा वैष्णव भनेका को हुन् ? *वैखानस-पाञ्चरात्र-भागवतमध्ये कुनै एक सम्प्रदायको प्रधान रूपमा दीक्षा लिएका व्यक्ति मुख्य रूपमा वैष्णव भनिन्छन् ।*

१५३. शैव भनेका को हुन् ? *शैवसिद्धान्तका कुनै एक सम्प्रदायको प्रधान रूपमा दीक्षा लिएका व्यक्ति मुख्य रूपमा शैव भनिन्छन् ।*

१५४. शाक्त भनेका को हुन् ? *शाक्तसिद्धान्तका कुनै एक सम्प्रदायको प्रधान रूपमा दीक्षा लिएका व्यक्ति शाक्त भनिन्छन् ।*

१५५. मुख्य वैदिक-सनातन-वर्णाश्रमधर्मि व्यक्ति वैष्णव-शैव-शाक्त-भित्र पर्छन् कि पर्दैनन् ? *पर्दैनन् ।*

१५६. वैदिक-सनातन-वर्णाश्रमधर्मि व्यक्तिले वैष्णवादि कुनै सम्प्रदायको दीक्षा लिन आवश्यक छ कि छैन ? *छैन ।*

१५७. वैदिक-सनातन-वर्णाश्रमधर्मि व्यक्तिले वैष्णवादि कुनै तान्त्रिक-सम्प्रदायको दीक्षा लिन हुन्छ कि हुँदैन ? *वेदमार्गको प्रमुखतामा बाधा नपार्ने गरि वेदका अविरोधि तान्त्रिक मार्गको मात्र दीक्षा लिन हुन्छ ।*

१५८. वैदिकमार्ग र तान्त्रिकमार्ग एउटै हुन् कि भिन्नभिन्न मार्ग हुन् ? *बिलकूल भिन्नभिन्न मार्ग हुन् ।*

१५९. तान्त्रिकमार्गका मुख्य अधिकारि केकस्ता व्यक्ति हुन् ? *वैदिकमार्गमा अधिकार नभएका व्यक्तिहरु नै मुख्य रूपमा तान्त्रिकमार्गका अधिकारि हुन् ।*

१६०. वैदिकमार्गका अधिकारिहरुको शुद्धतान्त्रिकमार्गमा अधिकार हुन्छ कि हुँदैन ? *हुँदैन ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६१ वैदिकमार्गका अधिकारीहरुको कस्तो तान्त्रिकमार्गमा अधिकार हुन्छ ?
वैदिक-तान्त्रिक-मिश्र-मार्गमा अधिकार हुन्छ ।

१६२ रामायण भनेको के हो ? *रामको चरित्रको वर्णन भएको आर्षकाव्य हो ।*

१६३. संस्कृतमा पाइने प्रमुख रामायणहरु कुनकुन हुन् ?
वाल्मीकीय रामायण, अध्यात्मरामायण, अद्भुतरामायण, आनन्दरामायण, तत्त्वसङ्ग्रहरामायण, उत्तररामायण (योगवासिष्ठ) ।

१६४. रामायणहरुमध्ये सबैभन्दा प्राचीन रामायण कुन मानिन्छ ?
वाल्मीकीय रामायण ।

१६५. वाल्मीकीय रामायणमा कति काण्ड छन् ? *सात काण्ड ।*

१६६. वाल्मीकीय रामायणका सात काण्डहरुका नाम के हुन् ? *बालकाण्ड, अयोध्याकाण्ड, आरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड, उत्तरकाण्ड ।*

१६७. वाल्मीकीयरामायणको प्रसिद्ध संस्कृतटीकाको नाम के हो ? *रामायणतिलक ।*

१६८ भारतवर्षीय आधुनिक भाषामा रचिएका प्रमुख रामायण कुनकुन हुन् ?
नेपालिमा भानुभक्तकृत भाषारामायण, नेवारिमा सिद्धिरामायण र गणेशरामायण, पुरानो हिन्दिमा तुलसीकृतरामायण, वङ्गालिमा कृत्तिवासरामायण, असमिमा माधव-कन्दलीरामायण, गुजरातिमा गिरिधररामायण, तमिलमा कम्बरामायण, तेलुगुमा मोल्लुरामायण, मलयालम्‌मा अध्यात्मरामायण, कन्नडमा पम्परामायण ।

१६९. महाभारत भनेको के हो ? *प्रमुख रूपमा कौरव-पाण्डवहरुको चरित्रको वर्णन भएको, नाना आख्यान-उपाख्यानले भरिएको एउटा आर्ष इतिहासग्रन्थ हो ।*

१७०. महाभारतग्रन्थका रचयिता को हुन् ? *कृष्ण द्वैपायन व्यास ।*

१७१. महाभारतमा प्रमुख पर्व कति छन् ? *अट्ठार ।*

१७२. महाभारतका १८पर्वका नाम के हुन् ? *१. आदिपर्व, २. सभापर्व, ३. वनपर्व, ४. विराटपर्व, ५. उद्योगपर्व, ६. भीष्मपर्व, ७. द्रोणपर्व, ८. कर्णपर्व, ९. शल्यपर्व, १०. सौप्तिकपर्व, ११स्त्रीपर्व, १२. शान्तिपर्व, १३. अनुशासनपर्व, १४. आश्वमेधिकपर्व, १५. आश्रमवासिपर्व, १६. मौसलपर्व, १७. महाप्रस्थानिकपर्व, १८. स्वर्गारोहणपर्व ।*

१७३. महाभरतको खिलग्रन्थ भनेर प्रसिद्ध ग्रन्थ कुन हो ? *हरिवंश ।*

१७४. महाभारतका संस्कृत टीकाहरुमा प्रसिद्ध टीका कुन हो ?
नीलकण्ठकृत भारतभावदीप ।

१७५. वेदादिशास्त्र केका लागि हुन् ?
मानवजीवनयात्रालाइ सुखशान्तिपूर्ण बनाउनका लागि र मोक्षका लागि हुन् ।

१७६. काव्यशास्त्रका र ललितकलाशास्त्रका प्रथम भारतवर्षीय आचार्य को हुन् ? *भरतमुनि ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७७. भरतमुनिको कृतिको नाम के हो ? *भरतनाट्यशास्त्र ।*
१७८. काव्यशास्त्रका आचार्य आनन्दवर्धन भारतको कुन प्रान्तका हुन् ? *कश्मीरका।*
१७९. लौकिक संस्कृतकविहरुमा ऐले ग्रन्थ पाइने प्राचीनतम कवि को हुन् ? *भास।*
१८०. संस्कृतका प्रसिद्ध पाँच महाकाव्य कुन हुन् ?
कुमारसम्भव, रघुवंश, किरातार्जुनीय, शिशुपालवध र नैषधीयचरित ।
१८१. कुमारसम्भवका र रघुवंशका रचयिता को हुन् ? *कालिदास ।*
१८२. किरातार्जुनीयका रचयिता को हुन् ? *भारवि ।*
१८३. शिशुपालवधका रचयिता को हुन् ? *माघ ।*
१८४. नैषधीयचरितका रचयिता को हुन् ? *श्रीहर्षमिश्र ।*
१८५. संस्कृतको राजनीतिप्रधान नाटक कुन हो ? *मुद्राराक्षस ।*
१८६. मुद्राराक्षसका रचयिता को हुन् ? *विशाखदत्त ।*
१८७. संस्कृतका अतिप्रसिद्ध नाटक कुन हुन् ?
स्वप्नवासवदत्त, अभिज्ञानशाकुन्तल, उत्तररामचरित ।
१८८. संस्कृतका प्रसिद्ध गद्यकाव्य कुन हुन् ?
वासवदत्ता, दशकुमारचरित, कादम्बरी, हर्षचरित, शिवराजविजय ।
१८९. वासवदत्ताका रचयिता को हुन् ? *सुवन्धु ।*
१९०. दशकुमारचरितका रचयिता को हुन् ? *दण्डी ।*
१९१. कादम्बरीका र हर्षचरितका रचयिता को हुन् ? *वाणभट्ट ।*
१९२. कादम्बरीका पूरयिता को हुन् ? *वाणभट्टपुत्र पुलिन्दभट्ट ।*
१९३. संस्कृतको सारै प्रसिद्ध सन्देशकाव्य कुन हो ? *मेघदूत ।*
१९४. संस्कृतको सारै प्रसिद्ध गीतिकाव्य कुन हो ? *गीतगोविन्द ।*
१९५. गीतगोविन्दका रचयिता को हुन् ? *जयदेव ।*
१९६. जयदेव भारतवर्षको कुन प्रदेशका कवि हुन् ? *बङ्गालका ।*
१९७. प्रसिद्ध चार विद्या कुन हुन् ? *वार्ता, त्रयी, दण्डनीति र आन्वीक्षिकी ।*
१९८. वार्ताविद्या भनेको के हो ? *कृषि-पशुपालन-वाणिज्य-सम्बन्धि विद्या हो ।*
१९९. त्रयी भनेको के हो ? *धर्मको र अधर्मको निरूपण गर्ने वेदविद्या हो ।*
२००. दण्डनीति भनेको के हो ? *राष्ट्रनायकले अवलम्बन गर्नपर्ने नीतिको र परिहार गर्नपर्ने अपनीतिको निरूपण गर्ने विद्या हो ।*
२०१. दण्डनीति विद्याका प्रमुख संस्कृतग्रन्थ कुन हुन् ?
बार्हस्पत्यसूत्र, शुक्रनीतिसार, कौटलीय अर्थशास्त्र, कामन्दकीयनीतिसार, नीतिवाक्यामृत, पञ्चतन्त्र, हितोपदेश, चाणक्यनीतिदर्पण इत्यादि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

 CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०२. आन्वीक्षिकी भनेको के हो ?
मानवीय तर्कका आधारमा वस्तुतत्त्वको निरूपण गर्ने विद्या हो ।

२०३. आन्वीक्षिकीभित्र पर्ने प्रमुख शास्त्र कुन हुन् ?
साङ्ख्यशास्त्र, योगशास्त्र र लोकायतकशास्त्र ।

२०४. चौद विद्या भनेका विद्या कुन हुन् ? *चार वेद, छ वेदाङ्ग, मीमांसान्याय, धर्मशास्त्र, पुराण र तर्क ।*

२०५. उपवेद केके हुन् ? *अर्थवेद, धनुर्वेद, गान्धर्ववेद र आयुर्वेद ।*

२०६. अर्थवेद कुन वेदको उपवेद हो ? *ऋग्वेदको ।*

२०७. अर्थवेद भनेको के हो ? *दण्डनीतिशास्त्र वा अर्थशास्त्र ।*

२०८. धनुर्वेद कुन वेदको उपवेद हो ? *यजुर्वेदको ।*

२०९. गान्धर्ववेद कुन वेदको उपवेद हो ? *सामवेदको ।*

२१०. आयुर्वेद कुन वेदको उपवेद हो ? *अथर्ववेदको ।*

२११. छ आस्तिक दर्शन भनिएका दर्शन कुन हुन् ?
वैशेषिक, न्याय, साङ्ख्य, योग, धर्ममीमांसा, र ब्रह्ममीमांसा ।

२१२. छ नास्तिक दर्शन भनिएका दर्शन कुन हुन् ?
चार्वाक-जैन-माध्यमिक-योगाचार-सौत्रान्तिक-वैभाषिक-हरुका दर्शन ।

२१३. माध्यमिक बौद्धहरुको मुख्य सिद्धान्त के हो ? *शून्यवाद ।*

२१४. बौद्ध योगाचारमतको मुख्य सिद्धान्त के हो ? *क्षणिकविज्ञानवाद ।*

२१५. सौत्रान्तिक बौद्धहरुको मुख्य सिद्धान्त के हो ? *अनुमित-क्षणभङ्गुर-जगद्-वाद ।*

२१६. वैभाषिक बौद्धहरुको मुख्य सिद्धान्त के हो ? *प्रत्यक्ष-क्षणभङ्गुर-जगद्-वाद ।*

२१७. बौद्ध धर्मका प्रमुख दुइ शाखा केके हुन् ? *हीनयान र महायान ।*

२१८. हीनयानको आर्को प्रचलित नाम के हो ? *स्थविरवाद ।*

२१९. वैदिकधर्मको आर्को प्रसिद्ध नाम के हो ? *वर्णाश्रमधर्म ।*

२२०. वर्णाश्रमधर्ममा वर्णहरु कति छन् ? *चार ।*

२२१. वर्णाश्रमधर्मका चार वर्णहरु क्रमशः केके हुन् ? *ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र ।*

२२२. ब्राह्मणको सबैभन्दा प्रमुख काम के हो ? *वेदको अध्ययन ।*

२२३. क्षत्रियको सबैभन्दा प्रमुख काम के हो ? *राष्ट्रको रक्षा ।*

२२४. वैश्यको सबैभन्दा प्रमुख काम के हो ? *कृषि-वाणिज्य ।*

२२५. शूद्रको मुख्य काम के हो ? *द्विजसेवा अथवा शिल्पकर्म ।*

२२६. ब्राह्मणलाइ दान लिने अधिकार ब्रह्माजिले किन दिनुभएको हो ?
वेदहरुको रक्षा गर्न ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२७. ब्राह्मणका षट्कर्म केके हुन् ?

वेदाध्ययन, वेदाध्यापन, यजन, याजन, दान र प्रतिग्रह ।

२२८. ऋषिधर्ममा सबैभन्दा ठुलो ब्राह्मण को मानिन्छ ? *अनूचान ब्राह्मण ।*

२२९. अनूचान भनेको के हो ?

गुरुवाट छओटै अङ्गले सहित वेद राम्ररि पढेको भनेको हो ।

२३०. वर्णाश्रमधर्मका वर्णहरुको उल्लेख ऋग्वेदका कुन मण्डलका कुन सूक्तमा छ ? *दशम मण्डलका ९० औं सूक्त पुरुषसूक्तमा छ ।*

२३१. वर्णाश्रमधर्ममा प्रमुख आश्रम कति छन् ? *चार ।*

२३२. वर्णाश्रमधर्मका प्रमुख चार आश्रम कुनकुन हुन् ?

ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम, सन्न्यासाश्रम ।

२३३. चार वैदिक आश्रमहरुमा सबैभन्दा ठुलो र महत्त्वपूर्ण आश्रम कुन हो ?

गृहस्थाश्रम ।

२३४. द्विजाति भनेर कुन वर्गलाइ भनिन्छ ? *भौतिक जन्मका अतिरिक्त उपनयनवाट आध्यात्मिक जन्म पनि हुने वर्गलाइ भनिन्छ ।*

२३५. द्विजातिका षोडशसंस्कार भनेका संस्कार कुन हुन् ?

१. गर्भाधानसंस्कार, २. पुंसवनसंस्कार, ३. सीमन्तोन्नयनसंस्कार, ४. जातकर्मसंस्कार, ५. नामकरणसंस्कार, ६. अन्नप्राशनसंस्कार, ७. चूडाकरणसंस्कार, ८. उपनयनसंस्कार, ९. ऋग्वेदव्रतादेशसंस्कार, १०. यजुर्वेदव्रतादेशसंस्कार, ११. सामवेदव्रतादेशसस्कार, १२. अथर्ववेदव्रतादेशसंस्कार, १३. केशान्तसंस्कार, १४. समावर्तनसंस्कार, १५. विवाहसंस्कार र १६. अन्त्येष्टिसंस्कार वा अग्निसंस्कार ।

२३६. गोत्र भन्नाले के बुझिन्छ ? *सप्तर्षिका र अगस्त्यका सन्तान मध्येका, वंशकारका रूपमा वर्णित ऋषि वा श्रुतर्षि भन्ने बुझिन्छ ।*

२३७. प्रवर भन्नाले के बुझिन्छ ? *गोत्रर्षि समेत वा तद्भिन्न, गोत्रका विशेषक, गोत्रर्षिका पूर्वज, मन्त्रद्रष्टा ऋषिहरुको समुदायविशेष भन्ने बुझिन्छ ।*

२३८. वैदिक-सनातन-वर्णाश्रमधर्ममा कस्ता ग्रन्थ मुख्य प्रमाण मानिन्छन् ? *स्वाध्यायाध्ययनविधिका आधारमा पढिएका स्वशाखाश्रुति-स्मृत्यादि ग्रन्थ ।*

२३९. वैदिक-सनातन-वर्णाश्रमधर्मका मूल प्रमाणग्रन्थहरु केके हुन् ?

श्रुति, स्मृति र पुराण ।

२४०. श्रुति भनेको के हो ? *वेद हो ।*

२४१. श्रुति-स्मृति-पुराणमध्ये धर्ममा सबैभन्दा बलियो प्रमाण कुन हो ? *श्रुति ।*

२४२. स्मृति र पुराणमा धर्ममा कुन चाइं बलियो प्रमाण हो ? *स्मृति ।*

२४३. चार पुरुषार्थ भनेका केके हुन् ? *धर्म, अर्थ, काम, मोक्ष ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४४. सबै आश्रमका मान्छेले प्राप्त गर्न प्रयास गर्न सक्ने पुरुषार्थ कुनकुन हुन् ? *धर्म र मोक्ष ।*

२४५. चारै पुरुषार्थका लागि प्रयास गर्न सक्ने आश्रमि कुन हो ? *गृहस्थ ।*

२४६. मोक्षका लागि मात्र प्रयास गर्न पर्ने आश्रमि कुन हो ? *सन्यासि ।*

२४७. ब्रह्मचारिले कुनकुन पुरुषार्थका सिद्धिका लागि विशेष प्रयास गर्न हुन्छ ? *धर्म-र-मोक्षका सिद्धिका लागि ।*

२४८. गर्भाधानादिसंस्कार केका लागि गरिन्छन् ? *संस्कार्य व्यक्तिमा दया क्षमा सदाचारशीलता अस्पृहा इत्यादि सद्‌गुण विकसित गर्नका लागि ।*

२४९. नित्य स्नान मुख्य रूपमा मयल फाल्न गरिन्छ कि धर्मसेवन गर्न गरिन्छ ? *धर्मसेवन गर्न ।*

२५०. ब्रह्मचारिले दिनमा कतिपल्ट स्नान गर्नपर्छ ? *एकपल्ट ।*

२५१. गृहस्थले र वानप्रस्थले सामान्यतया दिनमा कतिपल्ट स्नान गर्नपर्छ ? *दुइपल्ट ।*

२५२. सन्न्यासिले दिनमा सामान्यतया कतिपल्ट स्नान गर्नपर्छ ? *तिनपल्ट ।*

२५३. सन्ध्योपासनको मुख्य कर्म के हो ? *सूर्यप्रति जलप्रक्षेप ।*

२५४. सन्ध्योपासनमा सूर्यप्रति जलप्रक्षेप किन गरिन्छ ? *सूर्यसित लड्ने मन्देहनामक राक्षसहरूलाइ पराजित गर्न सूर्यलाइ सहायता पुऱ्याउन ।*

२५५. सन्ध्योपासन कुन शास्त्रअनुसार गर्नपर्छ ? *स्वशाखासूत्रअनुसार ।*

२५६. गायत्रीजपले मात्र सन्ध्योपासन गतार्थ हुन्छ कि हुँदैन ? *हुँदैन ।*

२५७. पवित्रजपयज्ञ भनेको के हो ? *स्नान-सन्ध्योपासनपछि गरिने गायत्रीमन्त्रादि पवित्र मन्त्रहरुको जप हो ।*

२५८. माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुको नित्यतर्पण-विधान काँहाँ छ ? *कात्यायन-त्रिकण्डिक-स्नानसूत्रमा ।*

२५९. पञ्चमहायज्ञ भन्नाले कुनकुन यज्ञ बुझिन्छन् ? *देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ, ब्रह्मयज्ञ, मनुष्ययज्ञ ।*

२६०. शूद्रले पञ्चमहायज्ञ गर्न हुन्छ कि हुँदैन र गर्न पर्छ कि पर्दैन ? *शूद्रले पनि पञ्चमहायज्ञ गर्न हुन्छ र गर्न पर्छ ।*

२६१. शूद्रले पञ्चमहायज्ञ गर्दा ब्रह्मयज्ञमा के पढ्न पर्छ ? *रामायण-महाभारतादि धर्मग्रन्थ पढ्न पर्छ ।*

२६२. वैदिकधर्ममा भक्ष्याऽभक्ष्यको नियम किन गरिएको हो ? *इन्द्रिय-र-मनलाइ शास्त्रनिर्दिष्ट मार्गमा चल्ने बनाइ धर्म गर्न ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२६३. अभक्ष्यभक्षण गर्ने ब्राह्मणादि वर्णलाइ कौटल्यले कस्तो दण्ड गर्ने विधान गरेका छन् ? *देशनिकाला गर्ने विधान गरेका छन् ।*

२६४. मनुस्मृतिमा गाइभैंसिको मासु भक्ष्य अभक्ष्य के मानिएको छ? *भक्ष्य ।*

२६५. वैदिक सोमयागमा प्रयुक्त हुने सोमरस मदिरा हो कि हैन ? *हैन ।*

२६६. वैदिक सोमयागमा प्रयुक्त हुने सोमरस के हो ?
एक प्रकारको लहरो कुटेर निकालिएको रस हो ।

२६७. पूर्तकर्म भन्नाले के वुझिन्छ ? *लोकका लागि आफ्ना धनले बाटो, पाटि, पौवा, पोखरि, चौतारो, विद्यालय, औषधालय इत्यादिको व्यवस्था गर्ने कर्म ।*

२६८. पञ्चमहापातक भनेका केके हुन् ? *ब्रह्महत्या, सुरापान, सुवर्णस्तेय, गुरुदारगमन र इ पातक गर्नेहरुसितको विशेष संसर्ग ।*

२६९. पतित भनेको के हो ?
दुष्कर्म गर्नाले स्ववर्णाश्रमधर्ममा अनधिकारि हुन पुगेको व्यक्ति ।

२७०. चान्द्रायण भन्नाले के वुझिन्छ ? *चन्द्रमाका कलाको क्षय र वृद्धि अनुसार भोजनको गास घटाउदै जाने र वडाउदै जाने गरि गरिने एक मैनाको व्रत ।*

२७१. वानप्रस्थले सन्तान जन्माउन हुन्छ कि हुँदैन ? *हुँदैन ।*

२७२. महाप्रस्थान भन्नाले के वुझिन्छ ? *स्वेच्छाले देहत्याग गर्न प्राण नगइन्जेल र सकुन्जेल उत्तराभिमुख भएर हिंड्दै रहनु भन्ने वुझिन्छ ।*

२७३. सन्न्यासि भनेको के हो ? *'भूः सन्न्यस्तं मया, भुवः सन्न्यस्तं मया, स्वः सन्न्यस्तं मया' भनेर तिनै लोकको त्याग गरेको, शास्त्रविहित भिक्षावृत्तिले प्राणयात्रा मात्र गरि आत्मज्ञानको साधना गर्ने, अर्थात् केइ पनि नगर्ने, वैदिक वर्णाश्रमधर्मको चतुर्थ आश्रममा रहेको व्यक्ति हो ।*

२७४. सम्प्रत्ति भन्नाले के वुझिन्छ ?
देहत्याग गर्न वा सन्न्यास लिन लागेका वाउले आफ्ना वेदाध्ययन-यजन-लोकसाधन-सम्वन्धि सवै कर्तव्यहरु छोरामा विसाउने काम वुझिन्छ ।

२७५. चूडाकर्म-उपनयन-विवाह-संस्कारमध्ये कुनै पनि संस्कार नभएका छोरिले वाउआमाको किरिया गर्न हुन्छ कि हुँदैन ? *हुँदैन ।*

२७६. सपिण्डीकरण भन्नाले के वुझिन्छ ?
प्रेतलाइ र पितामहादि पितृलाइ पिण्डदिइ प्रेतपिण्ड पितृपिण्डमा मिलाइ प्रेतलाइ पितृपङ्क्तिमा मिलाउने श्राद्ध भन्ने वुझिन्छ ।

२७७. धर्मको मूल आधार के हो ? *वेदादिशास्त्रमा श्रद्धा ।*

२७८. मुख्य रूपमा धर्म भनेको के हो ? *वेदले विधान गरेको कर्म ।*

२७९. मुख्य रूपमा अधर्म वा पाप भनेको के हो ? *वेदले निषेध गरेको कर्म ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

 CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८०. मुख्य रूपमा धर्म कति प्रकारका छन् र ति केके हुन् ?
दुइ प्रकारका छन् र ति परमधर्म र साधनधर्म हुन् ।

२८१. परमधर्म भनेको के हो ? *आत्मदर्शन ।*

२८२. साधनधर्म मुख्य रूपमा कति प्रकारका छन् र ति के हुन् ?
दुइ प्रकारका छन् र ति वर्णाश्रमधर्म र साधारणधर्म हुन् ।

२८३. मुख्य साधारणधर्म केके हुन् ? *धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः। धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्॥ भनि मनुस्मृतिमा गनिएका धर्म हुन्।*

२८४. सन्न्यासाश्रम कैले लिन पर्छ ?
जैले संसारका सबै वस्तुप्रति मनमा साँच्चै नै वैराग्य जाग्छ तैले लिनपर्छ ।

२८५. सन्न्यासी मुख्यतया कतिप्रकारका मानिएका छन् र ति प्रकार केके हुन्?
चार प्रकारका मानिएका छन् र ति प्रकार कुटीचर, बहूदक, हंस र परमहंस हुन्।

२८६. दशनामी सन्न्यासी भनेका सन्न्यासीका दस नाम केके हुन् ?
तीर्थ, आश्रम, सरस्वती, भारती, पुरी, अरण्य, वन, गिरि, पर्वत र सागर ।

२८७. दण्डी सन्न्यासी भनेका कस्ता सन्न्यासी हुन् ?
आफुलाइ शङ्कराचार्यका परम्पराका उत्तम कोटिका सन्न्यासी भन्ने, विशेष प्रकारको दण्ड लिने सन्न्यासी हुन् ।

२८८. वेदान्तको महावाक्य भनेको के हो ?
जीवात्माको र परमात्माको एकता बुजाउने वाक्य हो ।

२८९. सुषुप्ति भन्नाले के बुजिन्छ ? *सपना पनि नदेखिने गाढ निद्रा भन्ने बुजिन्छ ।*

२९०. निदिध्यासन भनेको के हो ? *बुद्धिको ध्येयमा एकतानता हो ।*

२९१. कन्था भनेको के हो ? *अरुले बाटाघाटामा फालेका सेता लुगा कपडा लिएर थाँइ सन्न्यासिले तुनतान गरि बनाएको, गेरुवा रङ्गले रंगाएको, जाडो हटाउने विवर्ण वस्त्र हो ।*

२९२. सामान्यतया वैदिक सन्न्यासिले गाममा कति रातसम्म मात्र बस्न हुन्छ?
एक रातसम्म मात्र ।

२९३. सामान्यतया वैदिक सन्न्यासिले नगरमा कति रातसम्म मात्र बस्न हुन्छ ?
पाँच रातसम्म मात्र ।

२९४. वैदिक सन्न्यासिलाइ के दिनाले दाता पनि नरक पर्छ ?
काञ्चन अर्थात् नगद ।

२९५. वैदिक सन्न्यासि मेचमा बसेमा के हुन्छ ? *पतित हुन्छ ।*

२९६. वैदिक सन्न्यासिले लोकसङ्ग्रहका लागि काम गर्न हुन्छ कि हुँदैन ?
हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२९७. वैदिक सन्न्यासिले आफै खाना पकाउन वा पकाउन लाउन हुन्छ कि हुँदैन ? *हुँदैन ।*

२९८. वैदिक सन्न्यासिले कसैलाइ दान दिलाउन हुन्छ कि हुँदैन ? *हुँदैन ।*

२९९. वैदिक सन्न्यासिले कुनै यानमा चड्न हुन्छ कि हुदैन ? *हुँदैन ।*

३००. ब्रह्मचारि-गृहस्थ-वानप्रस्थहरुले वैदिक सन्न्यासिबाट वेदाध्ययन गर्न हुन्छ कि हुँदैन ? *हुँदैन ।*

३०१. वैदिक सन्न्यासिले व्याख्यान-प्रवचन गर्न हुन्छ कि हुँदैन ? *हुँदैन ।*

३०२. वैदिक सन्न्यासिले महावाक्योपदेश गर्न हुन्छ कि हुँदैन ? *हुन्छ ।*

३०३. वैदिक सन्न्यासिले एक जानाको मत्रै अन्न खान हुन्छ कि हुदैन ? *हुँदैन ।*

३०४. मुक्ति ज्ञानले हुन्छ कि कर्मले कि ज्ञानकर्मसमुच्चयले ? *ज्ञानले ।*

३०५. सामान्यतया मुक्ति कति प्रकारको मानिन्छ ? *चार प्रकारको ।*

३०६. चार प्रकारका मुक्ति केके हुन् ?
सालोक्यमुक्ति, सामीप्यमुक्ति, सार्ष्टिमुक्ति र सायुज्यमुक्ति ।

३०७. सार्ष्टिमुक्ति भनेको कस्तो मुक्ति हो ?
परमात्मतुल्य समृद्धि वा विभूति प्राप्त हुने मुक्ति हो ।

३०८. वैदिक-सनातन-वर्णाश्रमधर्ममा धर्मनिर्णायक ब्राह्मण मानिन्छन् कि राजा ? *ब्राह्मण ।*

३०९. वैदिक-सनातन-वर्णाश्रमधर्ममा धर्मविवाहको विच्छेद हुनसक्छ कि सक्तैन ? *सक्तैन ।*

३१०. वैदिक-सनातन-वर्णाश्रमधर्ममा धर्म इरत्र सपार्ने तत्त्व मानिन्छ कि परत्र सपार्ने तत्त्व मानिन्छ कि इरत्रपरत्र दुवै सपार्ने तत्त्व मानिन्छ ?
इरत्र परत्र दुवै सपार्ने तत्त्व मानिन्छ ।

३११. वैदिकधर्मका प्रमुख तिन देवता कुन हुन् ? *अग्नि, वायु, सूर्य ।*

३१२. जगत्का तिन अवस्था के हुन् ? *सृष्टि, स्थिति, प्रलय ।*

३१३. सृष्टि-स्थिति-र-प्रलयका देवता कुन हुन् ? *ब्रह्मा, विष्णु र महेश्वर ।*

३१४. ब्रह्माजिका एक दिनलाइ मनुष्यले के भन्छन् ? *एक कल्प ।*

३१५. मत्स्यपुराणमा कतिथरि कल्प मानिएका छन् ? *तिसथरि ।*

३१६. ब्रह्माजिका एक दिनमा अर्थात् एक कल्पमा मनुष्यका कतिवर्ष हुन्छन् ? *चार अरब बत्तिस करोड वर्ष ।*

३१७. ब्रह्माजिका एक दिनमा कति मन्वन्तर हुन्छन् ? *चौद ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१८. मन्वन्तर भनेको के हो ? *एक मनुको, एक इन्द्रको र एकथरि सप्तर्षिको लोकनियमनको कालविशेष हो ।*

३१९. एक मन्वन्तरमा मनुष्यका कति वर्ष हुन्छन् ? *तिस करोड सतसट्ठि लाख विस हजार वर्ष ।*

३२०. एक मन्वन्तरमा कति चतुर्युगी हुन्छन् ? *एकहत्तर ।*

३२१. चतुर्युगी भनेको के हो ? *चार युगको समुदाय ।*

३२२. चतुर्युगीका चार युगहरु केके हुन् ? *सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग ।*

३२३. चतुर्युगीको आर्को नाम के हो ? *महायुग ।*

३२४. चतुर्युगीमा मनुष्यका कति वर्ष हुन्छन् ? *त्रिचालिस लाख विस हजार वर्ष ।*

३२५. कलियुगमा मनुष्यका कति वर्ष हुन्छन् ? *चार लाख वत्तिस हजार वर्ष ।*

३२६. ऐले हामि कुन कल्पका कुन मन्वन्तरका कुन चतुर्युगीका कुन युगमा छम् ? *पैलो श्वेतवाराहकल्पका सातौं वैवस्वत मन्वन्तरका अट्ठाइसौं चतुर्युगीका चौयो युग कलियुगमा ।*

३२७. स्वायम्भुव मन्वन्तरका अतिप्रसिद्ध राजा कुन हुन् ? *प्रियव्रत र उत्तानपाद ।*

३२८. वैवस्वत मन्वन्तरका सारै चर्चित राजाहरु कुनकुन हुन् ? *इक्ष्वाकु, निमि, पृथु, धुन्धुमार(कुवलाश्व), मान्धाता, अम्वरीष, हरिश्चन्द्र, सगर, भगीरथ, रघु, दशरथ, राम; पुरूरवा, नहुष, ययाति, दुष्यन्त, भरत, कार्तवीर्य, शन्तनु, युधिष्ठिर ।*

३२९. पुराणप्रसिद्ध सूर्यवंशि प्रमुख राजा कोको हुन् ? *इक्ष्वाकु, निमि, पृथु, धुन्धुमार, मान्धाता, अम्वरीष, हरिश्चन्द्र, सगर, भगीरथ, रघु, दशरथ, राम ।*

३३०. पुराणमा चर्चित प्रमुख चन्द्रवंशि राजा कोको हुन् ? *पुरूरवा, नहुष, ययाति, दुष्यन्त, भरत, कार्तवीर्य, शन्तनु, युधिष्ठिर ।*

३३१. भारतवर्षका पुराणप्रसिद्ध चक्रवर्ति छ राजाहरु कुनकुन हुन् ? *धुन्धुमार, मान्धाता, हरिश्चन्द्र, पुरूरवा, भरत र कार्तवीर्य ।*

३३२. नगरमा ब्रह्माजिको स्थान कांहांनेर वनाउनपर्छ ? *माझमा ।*

३३३. दस वायुका नाम के हुन् ? *प्राण, अपान, समान, उदान, व्यान; नाग, कूर्म, कृकर, देवदत्त, धनञ्जय ।*

३३४. पांच अतिमान्य गुरु कोको हुन् ? *पिता, माता, आचार्य, पति र ज्येष्ठभ्राता ।*

३३५. पञ्चायतनदेवता कुनकुन हुन् ? *गणेश, देवी, विष्णु, सूर्य र शिव ।*

३३६. पञ्चगव्यमा केके हुन्छन् ? *गाइका गउंत, गोवर, दुद, दै र घिउ ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३३७. पद्मपुराणअनुसार रामको अवतार वैवस्वतमन्वन्तरको कुन चतुर्युगीमा भएको थियो ? *सत्ताइसौं चतुर्युगीमा ।*

३३८. कुलपर्वत भनिने पर्वतहरु कुनकुन हुन् ?
१. महेन्द्र, २. मलय, ३. सह्य, ४. शुक्तिमान्, ५. ऋक्षवान्, ६. विन्ध्य र ७. पारियात्र ।

३३९. गण्डकी नदीको उत्पत्ति पद्मपुराणअनुसार काँहाँबाट भएको हो ?
प्रजापतिका गण्डस्थलबाट ।

३४०. आपव भनेका कुन ऋषि हुन् ? *वसिष्ठ ।*

३४१. पुराणप्रसिद्ध सात द्वीपका नाम के हुन् ? *१. जम्बूद्वीप, २. प्लक्षद्वीप, ३. शाल्मलिद्वीप, ४. कुशद्वीप, ५. क्रौञ्चद्वीप, ६. शाकद्वीप, ७. पुष्करद्वीप ।*

३४२. पुराणप्रसिद्ध सात समुद्रका नाम के हुन् ? *१. लवणोदधि, २. इक्षुरसोदधि, ३. सुरोदधि, ४. घृतोदधि, ५. दध्युदधि, ६. दुग्धोदधि र ७. स्वादूदधि ।*

३४३. अक्षता भन्नाले मुख्य रूपमा के बुझिन्छन्? *जौका सग्ला दाना बुझिन्छन् ।*

३४४. वागीश्वर भनेका देवता कुन हुन् ? *ब्रह्माजि ।*

३४५. तपती क़ो हुन् ? *सूर्यपुत्री ।*

३४६. ब्रह्माजिका पुरीको नाम के हो ? *मनोवती ।*

३४७. देव-दानवहरुले अमृतमन्थन कुन मैनामा गरेको मानिन्छ ? *पौषमा ।*

३४८. ययातिका कुन छोराका सन्तान यवन हुन् ? *तुर्वसुका ।*

३४९. ययातिका कुन छोराका सन्तान म्लेच्छहरु हुन् ? *अनुका ।*

३५०. ययातिका देवयानीपट्टिका छोरा कुनकुन हुन् ? *यदु र तुर्वसु ।*

३५१. ययातिका शर्मिष्ठापट्टिका छोरा कुनकुन हुन् ? *द्रुह्यु, अनु र पूरु ।*

३५२. देवयानी कसकि छोरि हुन् ? *शुक्रकि ।*

३५३. शर्मिष्ठा कसकि छोरि हुन् ? *दानवराज वृषपर्वाकि ।*

३५४. अत्रिका ब्रह्म-विष्णु-महेशका अंशले जन्मेका छोरा कोको हुन् ?
सोम, दत्तात्रेय र दुर्वासा ।

३५५. कर्मभूमि भनेर कुन भूमिलाइ भन्छन् ? *भारतवर्षभूमिलाइ ।*

३५६. कुमारिकाखण्ड भनेको कुन खण्ड हो ?
भारतवर्षका नौखण्डमध्येको भरतखण्ड पनि भनिने प्रमुख एक खण्ड हो ।

३५७. भारतवर्षबाहिर श्रुतिस्मृतिपुराणोक्त यज्ञकर्म हुन सक्छ कि सक्तैन ? *सक्तैन।*

३५८. ब्राह्मणले भारतवर्षबाहिर म्लेच्छदेशमा जान बस्न हुन्छ कि हुँदैन? *हुँदैन ।*

३५९. भारतवर्षबाहिर स्थापना गरेका विष्णुमूर्तिमा विष्णुको सान्निध्य हुन्छ कि हुँदैन ? *हुँदैन ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३६०. व्रह्माकि पत्नी को हुन् ? *सरस्वती।*

३६१. विष्णुका दिव्य तिन अवतार कुन हुन् ? *वराह, नरसिंह, वामन।*

३६२. दस वाउका छोरा प्रजापति कुन हुन् ? *दक्ष।*

३६३. दक्षप्रजापतिकि आमाको नाम के हो ? *मारिषा।*

३६४. पुराणअनुसार व्रह्माण्डको विस्तार कति योजन मानिन्छ ?
पचास करोड योजन।

३६५. याज्ञवल्क्यका पिताको नाम के हो ? *व्रह्मरात।*

३६६. वृक्षहरुमा व्रह्मा विष्णु महेश कुन मानिन्छन् ? *पलाश, पिपल, वर।*

३६७. व्रह्मा विष्णु महेश तिनैले कसका छोरा भएर जन्मन परेको थियो ?
अत्रिका र अनसूयाका।

३६८. साष्टाङ्ग-प्रणाम भनेको कस्तो प्रणाम हो ?
२ पाउ, २हात, २घुंडा, छाति, शिर इ ८अङ्गले भूमिलाइ छोएर मन-वचन-दृष्टिले गरिने प्रणाम साष्टाङ्ग-प्रणाभ हो।

३६९. मरीचि ऋषिकि पत्नीको नाम के हो ? *कला।*

३७०. अत्रि ऋषिकि पत्नीको नाम के हो ? *अनसूया।*

३७१. अर्ङ्गिरा ऋषिकि पत्नीको नाम के हो ? *श्रद्धा।*

३७२. भृगु ऋषिकि पत्नीको नाम के हो ? *ख्याति।*

३७३. वसिष्ठ ऋषिकि प्रसिद्ध पत्नीको नाम के हो ? *अरुन्धती।*

३७४. अगस्त्य ऋषिकि पत्नीको नाम के हो ? *लोपामुद्रा।*

३७५. तार-मन्त्र भनेको के हो ? *ओङ्कार।*

३७६. अश्वशालामा कसको पूजा हुन्छ ? *रेवन्तको।*

३७७. विष्णुलाइ कतिओटा बत्तिको दीप बाल्नपर्छ ? *पाँच बत्तिको।*

३७८. लिखित र शङ्ख मुनि कसका छोरा हुन् ? *शांण्डिल्यका।*

३७९. वाल्मीकि मुनि कुन ऋषिका कुलमा जन्मेका हुन् ? *माण्डव्यका।*

३८०. वाल्मीकिको अगिको नाम के थियो ? *लोहजङ्घ।*

३८१. सप्तर्षिमध्ये वाल्मीकिलाइ मन्त्र दिने ऋषि कुनचाइँ हुन् ? *पुलह।*

३८२. शाकल्य ऋषि कुन ऋषिका कुलका हुन् ? *भृगुका।*

३८३. वेदसूत्रकार कात्यायन मुनि कसका छोरा हुन् ? *याज्ञवल्क्यका।*

३८४. वेदसूत्रकार कात्यायन मुनिकि आमाको नाम के हो ? *कात्यायनी।*

३८५. दुइ अश्विनीकुमारका नाम केके हुन् ? *नासत्य र दस्र।*

३८६. कति वर्षदेखिका कुमारलाइ दुष्कर्मको दोष लाग्छ ? *आठ वर्षदेखिकालाइ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३८७. कस्ता राजालाइ देखेमा एकदिनको पाप कटनि हुञ्छ? *धर्मवान् राजालाइ।*
३८८. पिपलको विवाह केसित गर्नपर्छ ? *शमीसित।*
३८९. यमराजका आठ दूतका नाम के हुन् ? *१.कराल, २.विकराल, ३.वक्रनास, ४.महोदर, ५.सौम्य, ६.शान्त, ७.नन्द र ८.सुवाक्य।*
३९०. धारातीर्थ भनेको के हो ? *असिधारातीर्थ अर्थात् धर्मयुद्ध।*
३९१. कटहरको वृक्षमा कुन देवयोनिको वास हुञ्छ ? *गुह्यकको।*
३९२. बलिसित वामनले के गर्न भनि भूमि मागेका हुन् ? *मठिका बनाएर छात्र पडाउन भनि।*
३९३. वसिष्ठ ऋषि कुन आश्रमका थिए ? *गृहस्थाश्रमका।*
३९४. स्वयंवर-विवाह कुन वर्णका लागि हो ? *क्षत्रियका लागि।*
३९५. देवीको पूजाका प्रमुख तिथि कुन हुन् ? *अष्टमी, नवमी र चतुर्दशी।*
३९६. सगर्भप्राणायाम भनेको के हो ? *मन्त्रसहित प्राणायाम हो।*
३९७. करमालामा जपगणना कुन उम्लाका कुन पर्वबाट प्रारम्भ गर्नपर्छ ? *साँइलि उम्लाका मध्यम पर्वबाट।*
३९८. कुबेरशब्दको यौगिक अर्थ के हो ? *नराम्रो शरीर भएको भन्ने हो।*
३९९. महादेवले सतीविवाह कुन मैनामा गरेका थिए ? *चैत्र मैनामा।*
४००. कुन मन्वन्तरमा लक्ष्मी भृगुकि छोरि थिइन् ? *स्वायम्भुव मन्वन्तरमा।*
४०१. पुराणमा ताराग्रह भनिएका ग्रह कुन हुन् ? *मङ्गल, बुध, वृहस्पति, शुक्र र शनि।*
४०२. पुराणमा उपग्रह भनिएका ग्रह कुन हुन् ? *राहु र केतु।*
४०३. तातो पानिले न्वाएर शुद्ध र कर्मण्य हुञ्छ कि हुँदैन ? *हुञ्छ।*
४०४. धर्मसभामा धर्म मिचिँदा कसकसलाइ दोष लाग्छ ? *साक्षि-सभ्य-शासक-कर्ता-हरुलाइ।*
४०५. जुम्ल्याहामध्ये अगिजन्मने वा पछिजन्मने कुन जेठो हुञ्छ? *पछिजन्मने।*
४०६. अधर्मकी पत्नीको नाम के हो ? *निर्ऋति।*
४०७. गन्धकाली भनेकि को हुन् ? *व्यासमाता सत्यवती।*
४०८. महाभारतमा उल्लिखित नेपालि खेल कुन हो ? *दण्डवीटा (डन्निनियो)।*
४०९. ब्राह्मणले कुन्तीलाइ कुन वेदको मन्त्र दिएका थिए ? *अथर्ववेदको।*
४१०. कवच,धनु र खड्ग पैलेइ कस्ले किन उत्पादित गरेको हो ? *इन्द्रले दस्युवध गर्न।*
४११. द्रोणका ध्वजमा के चिह्न थियो ? *कृष्णाजिन र सुनौला कमण्डलु।*
४१२. कौरवपक्षका सेनापतिमध्ये कसका ध्वजमा पाँच तारा थिए ? *कर्णका।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४१३. घोर तपस्या गरेर ब्राह्मण बन्ने क्षत्रिय कोको हुन् ?
आर्ष्टिषेण, सिन्धुद्वीप, देवापि र विश्वामित्र ।

४१४. युद्धमा साथिलाइ छोडेर भाग्ने क्षत्रियलाइ के दण्ड दिन पर्छ ?
लाठैलाठले वा ढुङ्गैढुङ्गाले हानेर अथवा खरका भारिका माझामा बाँधेर आगो लाएर अथवा पशुलाइ झैं काटेर मार्नपर्छ ।

४१५. शूद्रले शूद्रलाइ इतिहासपुराण सुनाउन हुन्छ कि हुँदैन ? *हुन्छ ।*

४१६. मनुष्यका जन्मजात पाँच ऋण केके हुन् ?
देवऋण, ऋषिऋण, पितृऋण, मनुष्यऋण, पोष्यवर्गऋण ।

४१७. प्रवहादि सात वायुमण्डलका नाम के हुन् ?
प्रवह, आवह, उद्वह, संवह, विवह, परिवह र परावह ।

४१८. भारतवर्षको प्राचीनतम लिपिको नाम के हो ? *ब्राह्मी ।*

४१९. जीवको आलम्भन र जीवाङ्गको होम गर्न निषेध गर्ने इतिहासप्रसिद्ध शासक को हुन् ? *अशोक ।*

४२०. आफुंले खानलाग्दा पनि लोकको निवेदन सुन्ने व्यवस्था गर्ने इतिहास-प्रसिद्ध शासक को हुन् ? *अशोक ।*

४२१. कलियुगमा अश्वमेध यज्ञको पुन:प्रवर्तन गराउने शासक को हुन् ?
सेनापति पुष्यमित्र शौङ्ग ।

४२२. दुइपल्ट अश्वमेध यज्ञ गर्ने इतिहासप्रसिद्ध शासक को हुन् ?
सेनापति पुष्यमित्र शौङ्ग ।

४२३. ब्राह्मणलाइ भोजन गराउन अक्षयनीवि राख्ने इतिहासमा देखिएका विदेशिमूलका शासक को हुन् ? *हुविष्क ।*

४२४. पाँचपाँच वर्षमा प्रयागतीर्थमा २१दिने ब्राह्मणसभा गरि ब्राह्मणहरुलाइ र दीन-दु:खिहरुलाइ पनि प्रशस्त दान दिने इतिहासप्रसितद्ध राजा को हुन् ? *हर्षवर्धन ।*

४२५. संस्कृतनाम भएका इतिहासप्रसिद्ध शक महादण्डनायक को हुन् ?
श्रीधरवर्मा ।

४२६. गुप्तशासकहरुमा अश्वमेध यज्ञ गर्ने शासक को हुन् ? *समुद्रगुप्त ।*

४२७. भारतका अभिलेखमा वारको उल्लेख भएको प्राचीनतम अभिलेख कुन हो ?
गुप्तसंवत् १६५(सं.५४१)को मातृविष्णु-धन्यविष्णुको एरणस्तम्भाभिलेख ।

४२८. कथित कलिवर्ष र शकाब्द दुवैको उल्लेख भएको प्राचीनतम अभिलेख कुन हो ? *दक्षिणभारतका द्वितीय पुलकेशिको शकाब्द ५५६को एहोडे-शिलालेख ।*

४२९. प्राय: सवै विद्यामा ग्रन्थबनाउने प्रसिद्ध शासक को हुन् ? *राजा भोज ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४३०. वेदका प्रसिद्ध व्याख्याता सायण भारतवर्षको कुन राज्यका हुन् ?
दक्षिणभारतको विजयनगर राज्यका ।

४३१. भारतवर्षका प्रधान तिन तीर्थ कुन हुन् ? *पुष्कर, कुरुक्षेत्र र प्रयाग ।*

४३२. भारतवर्षका चार धाम भनेका तीर्थ कुन हुन् ?
जगन्नाथपुरी, सेतुबन्ध, द्वारका र बदरिकाश्रम ।

४३३. नेपालमा मात्र सुरक्षित रहन सकेको प्राचीन कविको अतिमहत्त्वपूर्ण संस्कृत-काव्य कुन हो ? *अश्वघोषकृत सौन्दरनन्दकाव्य ।*

४३४. नाट्यसम्वन्धि कुन सारै महत्त्वपूर्ण संस्कृतग्रन्थ नेपालमा मात्र प्राप्य थियो ? *सागरनन्दिकृत नाटकलक्षणरत्नकोष ।*

४३५. नेपालदेश अध्येताहरुको स्वर्ग हो भनेर कसले भनेको हो ?
हरप्रसादशास्त्रिका पुत्र विनयतोष भट्टाचार्यले ।

४३६. नेपालमा पाइएको प्राचीनतम अभिलेख कैलेको र कसको हो ?
१०७ शकाब्दको जयवर्माको ।

४३७. मानदेवको चाँगुनारायणको अभिलेखमा अङ्कित वर्षाङ्क कति हो ? ३८६।

४३८. मानदेवको चाँगुनारायणको अभिलेख के भाषामा र कति पद्यमा छ ?
संस्कृतभाषामा र १९पद्यमा ।

४३९. नेपालमा चातुर्वर्ण्यवस्ति वसाल्ने लिच्छवि शासक को हुन् ? *सुपुष्पदेव ।*

४४०. आफुलाइ 'सुविहितवर्णाश्रमस्थितिः' भन्ने विशेषण दिन लगाउने लिच्छवि राजा को हुन् ? *शिवदेव ।*

४४१. गार्ग्यायण-गौतम-अत्रि-हारीत-आपस्तम्बका धर्मशास्त्रहरुको विशेष प्रचलन अगि नेपालका कुन प्रदेशमा भएको देखिन्छ ? *कर्णालीप्रदेशमा ।*

४४२. ब्राह्मणहरुलाइ आफ्ना धनले वेदवेदाङ्ग पडाइ विवाह गराइ घर-खेत-धन-द्रव्यको समेत व्यवस्था गरि गृहस्थाश्रमको पालना गर्न पूर्ण सहायता गर्ने नेपालभूमिका मन्त्री को हुन् ?
सिम्रौन गढका राजा हरिसिंहदेवका मन्त्री चण्डेश्वर ठक्कुर ।

४४३. जयस्थिति मल्लले धार्मिक सामाजिक स्थिति बाँद्दा कसले गरेका शास्त्रार्थनिर्णयले स्थिति बाँदिका थिए ?
कीर्तिनाथ उपाध्यायादि पाँच ब्राह्मणले गरेका शास्त्रार्थनिर्णयले ।

४४४. विक्रमसंवत् १६१६ का भाद्र मैनामा द्रव्यसाहको राजसिंहासनारोहण हुँदा प्रमुख रूपमा सम्मिलित हुने तिन ब्राह्मण कोको हुन् ?
नारायणदास अर्ज्याल, सर्वेश्वर खनाल र गजानन भट्टराइ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४४५. 'गौब्राह्मणलाइ खानाकन दुःख हुन्छ र राजालाइ प्रत्यवाय लाग्छ' भन्ने नेपालि राजा को हुन् ? *रामसाह।*

४४६. चार वर्ण छत्तिस जातको उल्लेख गर्ने पैला साह राजा को हुन्? *रामसाह।*

४४७. काशिका नन्दामिश्रलाइ गुरु वनाउने साह राजा को हुन् ? *रामसाह।*

४४८. अभिनव विद्याकेन्द्रहरुको स्थापना गर्ने नेपालि शासक को हुन् ? *जुम्लि राजा वत्सराज।*

४४९. अर्वाचीन कालमा संस्कृत-विद्यालय स्थापित गरि पडाउने पड्ने दुवैथरिलाइ वृत्ति दिइ पठनपाठन चलाउने व्यवस्था गर्ने पैला नेपालि राजा को हुन् ? *कांस्किका अन्तिम राजा सिद्धिनारायण साह।*

४५०. 'कचहरिपिछे एकएक पण्डित राखि शास्त्रवमोजिम अदालत चलाउनु' भन्ने नेपालि राजा को हुन् ? *पृथ्वीनारायण साह।*

४५१. नेपालमा उपाध्यायब्राह्मणबाहेक अरु रजपूत समेतका जातमा रैआएको विधवाभाउजु बेहोर्ने चलन रोक्ने राजा को हुन्? *राजेन्द्रविक्रम।*

४५२. रजपूत समेतका जातमा रैआएको विधवाभाउजु बेहोर्ने चलनमा कैले रोक लागेको हो ? *विक्रमसंवत् १८९३मा।*

४५३. 'चारै जात छतिसै वर्नले यो अंसिल हिन्दुस्थाना हो आपना कुलाधर्म न छोड्नु' भन्ने राजा कुन हुन् ? *पृथ्वीनारायण साह।*

४५४. सम्पूर्ण महाभारत लेखाउने नेपालि शासक को हुन् ? *जयसिंहराम।*

४५५. पैला पशुपतिमन्दिर वनाउने लिच्छवि राजा को हुन् ? *सुपुष्पदेव।*

४५६. वर्तमान पशुपतिमन्दिर वनाउने शासक को हुन् ? *जयसिंहराम।*

४५७. वर्तमान पशुपतिमन्दिर कैले वनेको हो ? *१४१७ संवत्मा।*

४५८. पाटनको कृष्णमन्दिर कसले कैले वनाएको हो ? *सिद्धिनरसिंहमल्लले १६९३मा।*

४५९. काठमाण्डुको रानिपोखरि कसले कैले वनाएको हो? *प्रतापमल्लले १७२७ तिर।*

४६०. नेपालका इतिहासमा स्वर्णतुलादान गर्ने प्रथम व्यक्ति को देखिन्छ ? *हरिसिंहदेवका मन्त्री चण्डेश्वर ठक्कुर।*

४६१. मल्लकालमा स्वर्णतुलादान गर्ने शासक कोको देखिन्छन् ? *जयसिंहराम, जगज्ज्योतिर्मल्ल, प्रतापमल्ल।*

४६२. स्वर्णाश्वरथदान गर्ने नेपालि शासक को हुन् ? *जयसिंहराम।*

४६३. स्वर्णहस्तिरथदान गर्ने नेपालि शासक को हुन् ? *जयसिंहराम।*

४६४. कल्पतरुदान गर्ने इतिहासमा चर्चित नेपालि शासक को हुन्? *जयसिंहराम।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४६५. साह राजाहरुमा कसैले स्वर्णतुलादान गरेको इतिहास पाइन्छ? *पाइदैन।*

४६६. जङ्गबहादुरले १९२० मा मृगस्थलीमा कोटिहोम लाउँदा आचार्य को थियो? *काशिराज सत्याल।*

४६७. जङ्गबहादुरले षोडशीको कोटिहोम कैले लाएका थिए? *१९२४संवत्मा।*

४६८. जङ्गबहादुरले ब्रह्मगायत्रीको कोटिहोम कैले लगाएका थिए? *१९२५ संवत्मा।*

४६९. दशपर्वतदान गर्ने राणाशासक को हुन्? *वीरसम्सेर।*

४७०. वीरसम्सेरले ब्रह्मगायत्रीको कोटिहोम कैले लाएका थिए? *१९५१ संवत्मा।*

४७१. वीरसम्सेरका पालामा आफुले राजकुटुम्बबाट अनिष्टशान्ति-दानमा पाएका २१हजार रजतरूप्यक र अरु सामग्री समेतका आयबाट आफ्ना गामका स्ववंशजहरुको सम्पूर्ण ऋण तिरिदिने नेपालि पण्डित को हुन्? *नुवाकोटको फिर्केप गाममा जन्मेका वैयाकरण पण्डित विष्णुहरि रिमाल।*

४७२. १९६३ संवत्मा चन्द्रसम्सेरले मृत्युञ्जयको कोटिहोम लाउँदा आचार्य को थियो? *शिवराज सत्याल।*

४७३. कुन राणाशासकका दुइदुइटि महारानिले छुट्टाछुट्टै स्वर्णतुलादान गरेको इतिहास पाइन्छ? *चन्द्रसम्सेरका।*

४७४. चन्द्रसम्सेरकि कुनचाइँ महारानिले हिरण्यगर्भ दान गरेकि हुन्? *काञ्छि महारानि बालकुमारीले।*

४७५. तिनतिन वर्षमा कोटिहोम गर्ने परम्परा तोड्ने राणाशासक को हुन्? *जुद्धसम्सेर।*

४७६. कोटिहोम गर्ने परम्परा बिल्कुलै तोड्ने राणाशासक को हुन्? *पद्मसम्सेर।*

४७७. जुद्धसम्सेरले गरेका स्वर्णतुलादानमा आचार्य को भएको थियो? *कुलचन्द्र गौतम।*

४७८. महादानमा आफुले पाएका सम्पत्तिको वेदको विशेष रूपमा रक्षा गर्नमा उपयोग गर्ने कोइ नेपालि ब्राह्मण इतिहासमा देखिन्छ? *देखिँदैन।*

४७९. साह राजाहरुमा कोटिहोम गराउने राजा को हुन्? *महेन्द्र।*

४८०. सिंहदरबारवैद्यखाना कुन कालमा स्थापित भएको हो? *मल्लकालमा।*

४८१. चन्द्रसम्सेरद्वारा आयुर्वेद पढ्न छानेर भारत पठाइएका व्यक्ति कोको थिए? *उमानाथ आचार्य, नरपति पोख्रेल, गणेशदत्त पौडेल इत्यादि।*

४८२. नेपालमा आयुर्वेदविद्यालय कैले स्थापित भएको हो? *१९८५संवत्मा।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४८३. नव-नेपालमा प्रथम सार्वजनिक सर्कारि आयुर्वेदीय औषधालय काँहाँ चलेको थियो ? *भीमसेन स्थानको समीपमा विष्णुमतीका तीरमा ।*

४८४. नव-नेपालमा सर्कारि सार्वजनिक आयुर्वेदीय औषधालयको बीजरोपण कैले भएको हो ? *१९७३ संवत्मा ।*

४८५. नव-नेपालमा स्थापित प्रथम नेपालसरकार-आयुर्वेदीय-औषधालयका प्रथम अध्यक्ष वा प्रमुख वैद्य को हुन् ? *गोविन्ददास वैष्णव ।*

४८६. नव-नेपालको जानिएको पैलो सार्वजनिक संस्कृतपाठशाला कुन हो ? *नारायणहिटि-पाठशाला ।*

४८७. नव-नेपालमा निजि रूपमा जनसाधारणले खोलेको सबैभन्दा पुरानो संस्कृत-पाठशाला कुन हो ? *दिङ्ला-संस्कृत-पाठशाला ।*

४८८. दिङ्ला-संस्कृत-पाठशालाका संस्थापक को हुन् ? *बालब्रह्मचारि षडानन्द अधिकारि ।*

४८९. रानिपोखरि-संस्कृत-पाठशाला अविच्छिन्न रूपले चल्न थालेको कैलेदेखि हो ? *१९३४ संवत्देखि ।*

४९०. तिनधारा पाकशाला(संस्कृत-छात्रावास)को जग हाल्ने व्यक्ति को हुन् ? *महाराज रणोद्दीपसिंह र सेनापति धीरसम्सेर ।*

४९१. तिनधारा पाकशाला(संस्कृत-छात्रावास)को सुचारु सञ्चालन प्रारम्भ गर्ने व्यक्ति को हुन् ? *महाराज वीरसम्सेर ।*

४९२. खिदिममा हरिहर-संस्कृत-पाठशालाको स्थापना कैले भएको हो ? *१९९४ संवत्मा ।*

४९३. रिडि-संस्कृत-पाठशालाका २७ विद्यार्थिलाइ भोजनवृत्ति दिने व्यवस्था कसले कैले गरेको थियो ? *महाराजाधिराजले १९६८ संवत्मा ।*

४९४. पोखरामा नयाँ संस्कृत-पाठशालाको स्थापना कैले भएको हो ? *१९५० संवत्तिर ।*

४९५. मटिहानि-राजकीय-संस्कृत-पाठशालाको स्थापना कैले भएको हो ? *१९६६ संवत्मा ।*

४९६. दाङमा जनता-महाविद्यालय स्थापित भएको कैले हो ? *२००८ संवत्मा ।*

४९७. पिण्डेश्वर-संस्कृत-महाविद्यालयको स्थापना कैले भएको हो ? *२००८ संवत्मा ।*

४९८. पिण्डेश्वर-संस्कृतमहाविद्यालयका संस्थापक को हुन् ? *छविलाल पोखेल ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४९९. काठमाण्डुमा नारीवर्गलाइ संस्कृत-शिक्षा दिन संस्कृत-प्रसारिणी समितिले नारी-विद्यापीठ खोलेको कैले हो ? *२००९ संवत्मा ।*

५००. पूर्व-पश्चिम-पाहाड-मदेशमा एकैपटक नएँ ७३ भाषा-पाठशाला सदर गर्ने राणाशासक को हुन् ? *पद्मसम्सेर ।*

५०१. पूर्व-पश्चिम-पाहाड-मदेशमा एकैपटक नएँ ७३ भाषा-पाठशाला कैले कसका पालामा खुलेका हुन् ? *२००६ संवत्मा मोहनसम्सेरका पालामा ।*

५०२. वाराणसीस्थ-राजकीय-संस्कृतमहाविद्यालयको परीक्षाकेन्द्र काठमाण्डुमा खुलेको कैले हो ? *२००८ संवत्मा ।*

५०३. काठमाण्डुमा पछि वाल्मीकि विद्यापीठ भन्ने नाम राखिएको राजकीय-संस्कृत-महाविद्यालय खुलेको कैले हो ? *२००८ संवत्मा ।*

५०४. नेपालमा आचार्यपरीक्षाको र हिन्दीसाहित्यरत्नपरीक्षाको एम्.ए.सित समकक्षता कैले कसबाट घोषित भएको हो? *२००७ सालको परिवर्तनपछि विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री भएका वेलामा उनैंबाट घोषित भएको हो ।*

५०५. २०११ संवत्भन्दा अगि नेपालमा संस्कृत-पाठशाला कति थिए ? *२३३ ।*

५०६. २०११ संवत्देखि पाँचौ कक्षासम्म कुनै पाठशालामा पनि संस्कृत पडाउन नपाइने व्यवस्था गरि देशभरका २३३ संस्कृत-पाठशाला समाप्त गर्न सहमत हुने संस्कृतज्ञ कोको हुन् ? *सोमनाथ सिग्देल र पद्मप्रसाद भट्टराइ ।*

५०७. "उड्कमिटि" भनेर प्रसिद्ध निकाय कुन हो ?
अमेरिकाको ओरेगन विश्वविद्यालयका शिक्षणविद् ह्युग्.वि.उड्का परामर्शमा नेपालमा पञ्चमकक्षासम्मको संस्कृत-पाठ्यक्रम निरस्त गर्न परामर्श दिने, रुद्रराज पाण्डेका अध्यक्षतामा रहेको शासननियुक्त निकाय हो ।

५०८. एस्.एल्.सि.बाट ५० अङ्कको अनिवार्य संस्कृत कैले हटाइएको हो ?
२०२८ संवत्को शिक्षा-योजना लागु भएपछि ।

५०९. त्रिभुवन-विश्वविद्यालयले आचार्यविभाग कैलेदेखि आफुले लिएको हो ?
२०२२ कार्त्तिक १गतेदेखि ।

५१०. त्रिभुवन-विश्वविद्यालयले कैलेदेखि आचार्यविभाग संस्कृत-अध्ययन-संस्थानलाइ सुम्पेको हो ? *२०३० श्रावण १गतेदेखि ।*

५११. दाङमा संस्कृत-विश्वविद्यालय खोल्ने पृष्ठभूमि वनाउन विद्वत्सम्मेलन कैले भएको हो ? *२०३४ संवत्मा ।*

५१२. महेन्द्रसंस्कृतविश्वविद्यालयको स्थापना कैले भएको हो? *२०४३ संवत्मा।*

५१३. ऐले नेपालमा कति प्रकारका सं.मा.वि.स्वीकृत छन् ? *दुइ प्रकारका ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५१४. नेपालका संस्कृतमाध्यमिकविद्यालयका दुइ प्रकार के हुन् ? *साधारण-संस्कृत-माध्यमिक-विद्यालय र वेदविद्याश्रम-संस्कृत-माध्यमिक-विद्यालय ।*

५१५. नेपाल-वेदविद्याश्रम-संस्कृत-माध्यमिकविद्यालय कैले खुलेको हो ? *२०३१ संवत्मा ।*

५१६. ऐले सस्कृत-विद्यालय कुन कक्षादेखि प्रारम्भ हुन्छ ? *षष्ठकक्षादेखि ।*

५१७. ऐले साधारण-संस्कृत-विद्यालयका ६,७,८ कक्षाहरुमा संस्कृतका कतिकति पूर्णाङ्कका कति पत्र छन् ? *१००-१०० पूर्णाङ्कका २ पत्र ।*

५१८. साधारण-संस्कृत-विद्यालयका ६,७,८ कक्षाका संस्कृत-पत्रहरुका नाम के हुन् ? *संस्कृतभाषा र संस्कृतव्याकरण ।*

५१९. संस्कृत-माध्यमिक-विद्यालयका शास्त्रीय विषयमा ऐले केके विषय स्वीकृत छन् ? *वेद, व्याकरण, ज्योतिष, न्याय, साहित्य र नीतिशास्त्र ।*

५२०. संस्कृत-माध्यमिक-विद्यालयका व्यावसायिकविषयमा ऐले संस्कृतपट्टिका केके विषय स्वीकृत छन् ? *कर्मकाण्ड, फलितज्योतिष र आयुर्वेद ।*

५२१. नेपालका तिन प्रदेश कुन हुन्? *कर्णालीप्रदेश, गण्डकीप्रदेश, कौशिकीप्रदेश ।*

५२२. नेपालको लुम्बिनीग्राम केले गर्दा विश्वप्रसिद्ध भएको हो ? *शाक्यसिंह बुद्धका जन्मले गर्दा ।*

५२३. लुम्बिनीको अशोकस्तम्भ कसले पत्तालाएको हो ? *वुह्लर्ले ।*

५२४. नेपालका प्राचीन प्रमुख सांस्कृतिक केन्द्र कुन हुन् ? *जुम्ला, सिम्रौनगढ र काठमाण्डु ।*

५२५. नेपालका भारतप्रसिद्ध प्रमुख तीर्थ कुन हुन् ? *मुक्तिनाथ, पशुपतिनाथ, जनकपुरधाम र वराहक्षेत्र ।*

५२६. नेपालका नदीमा भारतवर्षभर सर्वाधिक प्रसिद्ध नदी कुन हो ? *गण्डकी ।*

५२७. गण्डकी नदी केले गर्दा भारतवर्षभर प्रसिद्ध भएको हो ? *शालग्रामशिलाले गर्दा ।*

५२८. नेपालका पशुपतिनाथको भारतका कुन प्रमुख तीर्थसित विशेष सम्बन्ध मानिन्छ ? *केदारनाथसित ।*

५२९. पशुपतिनाथको र केदारनाथको के सम्बन्ध मानिन्छ ? *शिरको र शरीरको सम्बन्ध ।*

५३०. पशुपतिनाथको वर्तमान पूजा कुन पद्धति अनुसार चलेको बुजिन्छ ? *मुख्य रूपमा तान्त्रिक पद्धतिअनुसार चलेको बुझिन्छ, किन्तु कुन तन्त्रग्रन्थविशेषअनुसार चलेको भन्ने कुरा निश्चित छैन ।*

५३१. पुराणप्रसिद्ध कोकामुख भन्ने तीर्थ नेपालमा कांहाँ छ ? *वराहक्षेत्रमा ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५३२. नेपालमा हिन्दुराज्य भन्ने भावना कैलेदेखि उब्जेको देखिन्छ ?
मकवानपुरे सेनराजाहरुका पालादेखि ।

५३३. लिच्छविकालका अभिलेखमा कुनकुन मैनामा अधिकमास देखिन्छन् ?
आषाढमा र पौषमा ।

५३४. ऐले प्रचलित सूर्यसिद्धान्ति पञ्चाङ्गअनुसार पौषमा अधिकमास पर्छ कि पर्दैन ? *पर्दैन ।*

५३५. नेपालका इतिहासमा अमान्त चान्द्रमास मान्ने प्रचलन देखिन्छ कि देखिँदैन ? *देखिन्छ ।*

५३६. सर्वप्रथम नेपालि पात्रो छापिएको कैले हो ? *१९४१ संवत्मा ।*

५३७. सर्वप्रथम नेपालिपात्रो छपाउने व्यवस्था मिलाउने को हुन् ? *वाचस्पतिपन्त ।*

५३८. सर्वप्रथम छापिएको नेपालिपात्रो गन्ने प्रमुख व्यक्ति को हुन् ? *जीवनाथ ।*

५३९. नेपालमा सर्वप्रथम छापिएको पात्रो प्रमुख रूपमा सौरमानमा आधृत थियो कि चान्द्रमानमा ? *चान्द्रमानमा ।*

५४०. नेपालमा सर्वप्रथम छापिएको पात्रो कुन दिनदेखि प्रारम्भ गरिएको थियो र तेसमा नववर्ष कैलेदेखि मानिएको थियो? *चैत्रशुक्लप्रतिपदादेखि ।*

५४१. सर्खारि लेखापडिमा वैदिक चान्द्रमासका सुदि वदि लेख्ने प्रचलन हटाइ अवैदिक सौरमासको गते लेख्ने प्रचलन कसले कैलेदेखि चलाएको हो ? *चन्द्रसम्सेरले १९६० संवत्देखि ।*

५४२. कैथि मितिपत्र भनेको के हो ? *कायस्थहरुले राजकीय लेखापडिमा प्रयोग गर्ने वर्ष-मास-तिथि-वारहरु भएको वैदिकपरम्पराको अनुकूल पात्रो हो ।*

५४३. कैथि मितिपत्रमा कुनै तिथि बड्थ्यो कि बड्थेन ? *बड्थेन ।*

५४४. कैथि मितिपत्रमा कुनै पक्ष १४ दिनको हुन्थ्यो कि हुन्थेन ? *हुन्थ्यो ।*

५४५. कैथि मितिपत्रमा कुनै पक्ष १४ दिनको हुँदा कुन तिथि घट्थ्यो ?
चतुर्दशी र पञ्चदशी ।

५४६. गृहस्थरत्नाकर-कृत्यरत्नाकर-विवादरत्नाकर-राजनीतिरत्नाकर इत्यादि ग्रन्थका रचयिता को हुन् ?
सिम्रौनगढका राजा हरिसिंहदेवका मन्त्रि चण्डेश्वर ठक्कुर ।

५४७. नेपालका पुर्विया ब्राह्मणहरुमा बहुप्रचारित अग्निस्थापनापद्धति केका आधारमा कसले रचेको हो ? *अज्ञात आधारमा अज्ञात व्याक्तिले ।*

५४८. नेपालका पुर्विया ब्राह्मणहरुमा प्रचलित दशकर्मपद्धतिहरु कसले बनाएका हुन् ? *सिम्रौनगढका रामदत्त ठक्कुरले ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५४९. नेपालका कुमाइँ ब्राह्मणहरुमा प्रचलित दशकर्मपद्धतिहरु कसले वनाएका हुन् ? *कुलनिधिशर्मा(पाण्डे)ले ।*

५५०. दशकर्मपद्धतिकार कुलनिधिशर्मा पाण्डे कसका आश्रित हुन् ? *पाल्पालि राजा द्वितीय मुकुन्द सेनका ।*

५५१. नेपालका पुर्विया ब्राह्मणहरुमा प्रचलित अन्त्यकर्मपद्धति कसले वनाएको हो ? *तनहुँका सत्यधरतनूज रामोपाध्यायसूरि खनालले ।*

५५२. शूद्रकुलमा जन्मेका संस्कृतनाटककार नेपालि को हुन् ? *अभयराजकवीश्वरपुत्र शुभराज ।*

५५३. भास्वतीका प्रसिद्ध संस्कृत-व्याख्याकार नेपालि पण्डित को हुन् ? *जुम्लि पण्डित वलभद्र ज्योतिर्विद् ।*

५५४. कवितानिकषोपलका रचयिता को हुन् ? *लक्ष्मणकवि ।*

५५५. भट्टाचार्य पदवी पाउने नेपालि पण्डित को हुन् ? *शक्तिवल्लभ अर्ज्याल ।*

५५६. लक्ष्मीपति पाँडेको वहुचर्चित ग्रन्थ के हो ? *रत्नदीप ।*

५५७. राजविधानसारका रचयिता को हुन् ? *रङ्गनाथ पौड्याल ।*

५५८. राजविधानसार कसलाइ पडाउन रचिएको हो ? *राजा गीर्वाणयुद्धविक्रमलाइ ।*

५५९. प्रसादकौमुदीका रचयिता को हुन् ? *पाल्पालि राजा पृथ्वीपाल सेन ।*

५६०. अग्निधरदेवकोटाले रचना गरेको ग्रन्थ के हो ? *गोर्खाविजयतिलक ।*

५६१. वासुदेवरसानन्द भन्ने ग्रन्थका रचयिता को हुन् ? *शिवशर्मा सूरि ।*

५६२. शिवशर्मा सूरिको मूल घर काँहाँ हो ? *तनहुँ वसन्तपुर ।*

५६३. आदिकवि भानुभक्त आचार्यलाइ संस्कृतशिक्षा दिने विद्वान् को हुन् ? *भानुके पितामह तनहुँ-चुँदि-तामाकोट-निवासी श्रीकृष्ण आचार्य ।*

५६४. सुकृतिदत्त पन्तको महाकाव्यको नाम के हो ? *कार्तवीर्यचरित ।*

५६५. नेपालिहरुमा प्रचलित सप्ताहपद्धतिका रचयिता को हुन् ? *पतञ्जलि ।*

५६६. पतञ्जलि काँहाँका हुन् र उनले सप्तहपद्धति कैले रचेका हुन् ? *ललितपुरका हुन् र उनले सप्ताहपद्धति १९०८ संवत्मा रचेका हुन् ।*

५६७. प्रशासनका काममा लागेर पनि चार-चारवटा संस्कृतग्रन्थ वनाउने नेपालि को हुन् ? *सर्दार छविलाल सूरि ढुङ्ग्याल ।*

५६८. सङ्कल्परत्नावलिका रचयिता को हुन् ? *हरिनाथशर्मा प्याकुर्‍याल ।*

५६९. डिल्लिसम्सेर थापाको संस्कृतग्रन्थ कुन हो ? *यूरोपयात्रा-प्यारिसकाण्डम् ।*

५७०. वीरसम्सेर-जङ्गराणाकीर्तिवर्णना भन्ने ग्रन्थका रचयिता को हुन् ? *भुवनेश्वरप्रसाद पण्डित ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५७१. कुलचन्द्र गौतमको पैलो संस्कृतग्रन्थ के हो ? *शोकमहोर्मि ।*

५७२. कुलचन्द्र गौतमको शोकमहोर्मि केको शोकमा रचिएको हो ?
बेलायति महारानि विक्टोरियाको मरणको शोकमा ।

५७३. कुलचन्द्र गौतमको सबैभन्दा ठुलो संस्कृतग्रन्थ कुन हो? *भागवतमञ्जरी ।*

५७४. वेदनाथ लामिछानेको मुख्य ग्रन्थ कुन हो ? *अग्निस्थापनमन्त्रार्थदीपिका ।*

५७५. दधिराममरासिनिका प्रमुख संस्कृतग्रन्थ केके हुन् ?
श्रीरामचरितामृतम् र श्रीकृष्णचरितामृतम् ।

५७६. आदर्शराघवपुष्पाञ्जलिका रचयिता को हुन्? *सोमनाथ सिग्द्याल ।*

५७७. *ब्रह्मद्रुहो ह्यवनिकण्टकराजबन्धून् त्रिःसप्तकृत्व इह भूमिमटन् प्रमन्युः।*
चिच्छेद निर्घृणमुदग्रपरश्वधेन तं, चोग्रशक्तिकमनुस्मर जामदग्न्यम् ॥
एस पद्यका रचयिता को हुन् ? *उमानाथ आचार्य ।*

५७८. संहितासारवाङ्मयीका रचयिता को हुन् ? *उमानाथ आचार्य ।*

५७९. माधवप्रसाद देवकोटाको पैलो संस्कृतकाव्य कुन हो ? *भारतीवैभवम् ।*

५८०. रुद्राष्टाध्यायीको पद्यबद्ध लौकिक-संस्कृतभाषामा रूपान्तर गर्ने नेपालि पण्डित को हुन् ? *लम्जुङ्का बद्रीनाथ सुवेदी ।*

५८१. महेन्द्रप्रतापोदयम् भन्ने लघुकाव्यका रचयिता को हुन् ? *जीवनाथ झा ।*

५८२. नाटककाव्यादि धेरै संस्कृतग्रन्थका संस्कृतव्याख्याकार नेपालि पण्डित कोको हुन् ? *शेषराज रेग्मि र लोकमणि दाहाल ।*

५८३. निर्णयसिन्धुसारसङ्ग्रहका रचयिता को हुन् ? *जुननाथ पण्डित ।*

५८४. ब्रह्मसूत्रको संस्कृतादि तिन भाषामा व्याख्या लेख्ने नेपालि पण्डित को हुन् ? *सोमनाथ घिमिरे व्यास ।*

५८५. हेमन्तराम भट्टराइका तिनओटा संस्कृत-चम्पूकाव्य केके हुन् ?
आदर्शत्रिभुवनचम्पू, आदर्शमहेन्द्रचम्पू, आदर्शजवाहरचम्पू ।

५८६. श्रीसपर्यामृतम् भन्ने आह्निकाचार-विषयक ग्रन्थका रचयिता को हुन्?
बुद्धिसागर पराजुलि ।

५८७. कृष्णप्रसाद घिमिरेको प्रमुख संस्कृतग्रन्थ कुन हो ? *श्रीकृष्णचरितामृतम् ।*

५८८. श्लोकसिद्धान्तकौमुदीका रचयिता को हुन् ? *सुरेश झा ।*

५८९. महेन्द्रोदयम् काव्यका रचयिता को हुन् ? *भरतराज घिमिरे मन्थलीय ।*

५९०. काव्यप्रकाशका संस्कृतव्याख्याकार प्रथम नेपालि पण्डित को हुन् ?
शिवराज आचार्य कौण्डिन्न्यायन ।

५९१. कौण्डिन्न्यायनशिक्षा के विषयको ग्रन्थ हो ? *वेदाभ्यासशिक्षा विषयको ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५९२. नेपालमा सस्कृतग्रन्थकार नेपालिहरुका मुद्रित संस्कृतग्रन्थहरुको पैलो प्रदर्शनी कैले भएको थियो ? *२०४८ संवत्मा ।*

५९३. संस्कृतग्रन्थकार नेपालिहरुका मुद्रित संस्कृतग्रन्थहरुको प्रदर्शनी गर्ने काम कसले प्रारम्भ गरेको हो ? *स्वाद्ध्यायशालाकुटुम्बले ।*

५९४. स्वाद्ध्यायशालाकुटुम्बबाट २०५३ मा आयोजित नेपालिहरुका मुद्रित संस्कृतग्रन्थका द्वितीय प्रदर्शनीमा कति ग्रन्थ प्रदर्शित थिए ? *१९६ ।*

५९५. साग्निचित् सर्वपृष्ठाप्तोर्याम सोमयाग गर्ने नेपालि ब्राह्मण को हुन् ? *शिरोमणि आचार्य दीक्षित ।*

५९६. संवत् १८४८ मा बनारसपाठशालाका नामले स्थापित भएको वाराणसीस्थ राजकीय-संस्कृत-महाविद्यालयबाट प्रथमपरीक्षा, मध्यमपरीक्षा र उत्तमपरीक्षा लिने व्यवस्था कैलेदेखि भएको हो ? *१९३७ संवत्देखि ।*

५९७. वाराणसीस्थ राजकीय-संस्कृत-महाविद्यालयमा व्याकरण-न्याय-ज्योतिषमध्यमपरीक्षाहरु छुट्टाछुट्टै लिने व्यवस्था भएको कैलेदेखि हो ? *१९४४ संवत्देखि ।*

५९८. ६ वर्षे उत्तमपरीक्षा शास्त्री-आचार्यमा बाँडिएको कैले हो ? *१९८१संवत्मा।*

५९९. उत्तमपरीक्षामा तल्लो श्रेणीमा उत्तीर्ण हुनेलाइ उपाध्याय र उपल्लो श्रेणीमा उत्तीर्ण हुनेलाइ आचार्य पदवी दिने नियम हटाइ दुवैथरिलाइ आचार्य पदवी दिने नियम कैले बनेको हो ? *१९८१ संवत्मा ।*

६००. रानिपोखरि-संस्कृतपाठशालाका विद्यार्थिहरुले वाराणसीको मध्यमपरीक्षा दिन थालेको कैलेदेखि हो ? *१९५५ संवत्देखि ।*

६०१. वाराणसीको राजकीय-संस्कृत-महाविद्यालयको उत्तमपरीक्षा उत्तीर्ण भै आचार्य पदवी पाउने प्रथम नेपालि को हुन् ? *कुलचन्द्र गौतम ।*

६०२. आँफु संस्कृतको आचार्यतहको परीक्षा उत्तीर्ण भै आफ्ना छोरालाइ पनि आचार्यपरीक्षा उत्तीर्ण गराउने पैला नेपालि पण्डित को हुन् ? *कास्कि-अर्घुका व्याकरणोपाध्याय पण्डित टेकनाथ पौडेल ।*

६०३. *अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते ।*
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ॥
यो श्लोक कसको हो ? *उद्भटको (वाचस्पत्यम्-शब्दकोषअनुसार) ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रा प्रकाशित ग्रन्थहरु

(संस्कृत)

१. कतिपय-नैपाल-संस्कृतग्रन्थकार-परिचयः (२०४८) ४०।-
२. काशिनिवासिभिर्विद्वद्भिर्ब्राह्मणैर्दत्ता भारतवर्षबहिर्गमन-विधर्मि-विदेशि-सहवास-सहभोजनादि-दुरित-प्रायश्चित्तव्यवस्था (विस्तृतनेपालिभूमिकायुता, २०४९) ४०।-
३. कौण्डिन्न्यायनशिक्षा (प्रातिशाख्यादिसर्ववेदाङ्गशिक्षाग्रन्थसारसङ्ग्रहात्मकः समीक्षापूर्णः पुष्कलसर्वाङ्गोऽपूर्वो विपुलकायो वेदाङ्गशिक्षाग्रन्थः, २०४९) ६६०।-
४. वेदभाषानिघण्टुः (कौण्डिन्न्यायनकोषः, देववर्ग-ब्रह्मवर्गात्मकः, २०५०) ४०।-
५. माद्ध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाद्ध्यायि-निरग्निकद्विज-सदाचारकर्म-संस्कारकर्म-श्राद्धकर्मादि-वैदिकमन्त्रसङ्ग्रहः (२०५२) १००।-
६. व्यावहारिकं संस्कृतम् (सचित्रं बालशिक्षार्थं प्रथमम् पुस्तकम्, २०५०) २०।-
७. व्यावहारिकं संस्कृतम् (सचित्रं बालशिक्षार्थं द्वितीयम् पुस्तकम्, २०५३) ३०।-
८. काव्यप्रकाशः (आचार्यकौण्डिन्न्यायनकृतया हैमवत्या संस्कृतव्याख्यया सहितः, मोतीलालबनारसीदासप्रकाशितः, सन् १९८०) भा. रू. १२०।-
९. पाणिनीयशिक्षा (आचार्यकौण्डिन्न्यायनकृतवेदाङ्गशिक्षाविमर्शाख्यव्याख्यासहिता, प्रकाशनोन्मुखी)

(नेपालि)

१. वृत्तनक्षत्रमाला (छन्दोग्रन्थ, २०२८) १।-
२. जिम्दो नेपालि भासा (पैलो खण्ड) भाषाव्याकरणदर्शनसम्बन्धि ग्रन्थ (२०३०) ३।१०
३. जिम्दो नेपालि भासा (दोस्रो खण्ड, २०३७) १०।-
४. नेपाली वर्णोच्चारणशिक्षा (साझा प्रकाशन, २०३१) ११।२५
५. वैदिक धर्म मूल रूपमा (वैदिक धर्मको संक्षिप्त सर्वाङ्गीण र प्रामाणिक परिचय, २०४५) १००।-
६. संवैधानिक हिन्दुराज्यको चरित्र र आवश्यकता के कस्तो ? (२०४७) २।-
७. नेपालमा लोकतन्त्र दरो र दिगो कसरि होला ? (२०४७) २।-
८. वैदिक-समाजवादि-लोकतान्त्रिक संस्कारप्रवर्धनसभाको आह्वान तथा उद्देश्य सिद्धान्त र कार्यक्रम (२०४७) १।-
९. वैदिक-सनातन-वर्णाश्रम-धर्म (हिन्दुधर्म) र एसका उपज अरु उपधर्महरु तथा स्वधर्मरक्षाका लागि वर्णाश्रमधर्मानुयायिहरुको कर्तव्य (२०४७) १।-
१०. संस्कृतवाङ्मयको महत्त्व, नेपालमा संस्कृतवाङ्मयको संरक्षण-संवर्धनको प्रयास, संस्कृत-शिक्षाको वर्तमान शोचनीय अवस्था तथा तेस अवस्थाको निराकरणको मार्ग (२०४८) २।-
११. संस्कृतशिक्षालाइ सर्वजनोपयोगि साधारणशिक्षाका रूपमा समेत विकसित गरि सरल, सन्तुलित, वैज्ञानिक, सर्वतोमुख र लोकोपयोगि तथा लोकग्राह्य बनाएर दिन लिन आह्वान (२०५०) (निश्शुल्क)

स्वाद्ध्यायशाला, च. २/४१९, सरस्वतीमार्ग लाजिम्पाट्, काठमाण्डु-२, नेपाल; दूरस्वन ४३३३२७।
प्रथमसंस्करण, ५०० प्रति।

मूल्य १०।- संस्कृतका विद्यार्थिलाइ ५।- (एस पुस्तिकाको विक्रयबाट प्राप्त सम्पूर्ण राशि त्वरितोत्तरप्रतिस्पर्धाको आयोजना गर्नमा र प्रतिस्पर्धाका विजयिलाइ पुरस्कार दिनमा लगाइने छ।)

Jayatu Sanskritam, Kathmandu, Nepal